का.जि.प्र.का.द.नं. १००/०५९/६०

१७ फागुन २०८०,
बिहीबार
29 February 2024,
Thursday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २२, अंक १६ । पृष्ठ १६ | Madhyanha National Daily | www.madhyanhadaily.com



सडकमा मिटरब्याज पीडित

# अदालत देखाउँदै सरकार

**शिव विक/मध्यान्ह**
काठमाडौं, १६ फागुन ।

महिना दिनसम्म लगाएर काठमाडौं पैदलै आएका मिटरब्याज पीडितहरु सरकारसँग तत्काल माग सम्बोधनका लागि आग्रह गरिरहेका छन्। सरकार पनि उनीहरुसँग वार्तामा छ । तर सडकमा मिटरब्याज पीडित रहेको जान्दा जान्दै सरकार अदालत देखाइरहेको छ। आफ्ना माग पूरा गर्न सडकबाट मिटरब्याज पीडितले सरकारलाई दबाब दिइरहेको जान्दा जान्दै प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले अदालत देखाएका हुन्।

बुधबार संसदको राष्ट्रिय सरोकार तथा समन्वय समितिमा बैठकमा सांसदहरुका प्रश्नको जवाफ दिँदै प्रधानमन्त्री प्रचण्डले मिटरब्याज पीडितको समस्या समाधानमा गम्भीर रहेपनि सरकारको कारण भन्दा अदालती प्रक्रियातिरबाट समाधान गर्नुपर्ने प्रकृतिको रहेको भन्दै अदालत देखाएका हुन् ।

प्रधानमन्त्री प्रचण्डका अनुसार सरकारले अदालतसँग समेत मिटरब्याज पीडितहरुको विषयमा समन्वय गरिरहेको छ । सरकार र अदालत मिलेर मात्रै मिटरब्याज पीडितको समस्या समाधान गर्न सकिने भन्दै उनले सरकारले अदालतसँग समन्वय गरेर काम गर्न खोजिरहेको बताएका हुन् ।

मिटरब्याज पीडितसँग वार्ता पनि भइरहेको र अदालती प्रक्रियामा समन्वय गर्न पनि सरकारले ध्यान दिइरहेको प्रचण्डको भनाइ छ । 'मिटरब्याज पिडितको समस्या सामाजिक, आर्थिक लगायत विभिन्न रुपमा जटिल र गहिरो छ, सरकारले अदालतसँग समन्वय गर्ने कोशिस गरिरहेको छ । मिटरब्याज पीडितसँग वार्ता पनि भइरहेको छ' प्रचण्डले भने ।

पृष्ठ २ मा

आफ्ना माग पूरा गर्न सडकबाट मिटरब्याज पीडितले सरकारलाई दबाब दिइरहेका बेला प्रधानमन्त्री प्रचण्डले अदालतलाई देखाएका हुन् ।



मिटरब्याज पीडितको समस्या सामाजिक, आर्थिकलगायत विभिन्नरुपमा जटिल र गहिरो छ, सरकारले अदालतसँग समन्वय गर्ने कोसिस गरिरहेको छ । मिटरब्याज पीडितसँग वार्ता पनि भइरहेको छ ।

**प्रचण्ड**
**प्रधानमन्त्री**

## 'लघुवित्त पीडितलाई मुद्दा नचलाइयोस्'

प्रमुख प्रतिपक्षी नेकपा एमालले संसद भवनमै पीडितहरु छिर्ने अवस्था र उनीहरुको मागका सम्बन्धमा सरकारको ध्यानाकर्षण गरेको छ । एमालेका सचेतक महेश बर्तौलाका अनुसार बुधबार उनीहरुले उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठलाई भेटेर सरकारको ध्यानाकर्षण गरेको हो । एमाले नेताहरु उपप्रधान तथा गृहमन्त्री श्रेष्ठलाई भेट्न उनकै कार्यालय सिंहदरबार गएका हुन् ।

गृहमन्त्रीलाई भेट्न एमाले संसदीय दलका सचेतक बर्तौलासहित एमालेका उपमहासचिव पृथ्वीसुब्बा गुरुङ लगायत गएका थिए । गत सोमवार लघुवित्त पीडितहरुको एक समूह संसद भवन परिसर पसेर नाराबाजी गरेसँगै प्रहरीले उनीहरुलाई नियन्त्रणमा लिएको थियो । हाल उनीहरुलाई सरकारले प्रहरी नियन्त्रणमै राखेर मुद्दा चलाउने तयारी गरेको छ । एमालेले लघुवित्त पीडितहरुलाई मुद्दा चलाउनु बेठिक हुने भन्दै उनीहरुलाई बिना शर्त रिहा गर्न गृहमन्त्रीलाई आग्रह गरेको छ ।

एमाले सचेतक बर्तौलाले लघुवित्त पीडितहरु न्यायको

पृष्ठ २ मा

# माओवादीको निर्णयले कांग्रेसमा तरंग

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १६ फागुन ।

नेकपा माओवादी केन्द्रले राष्ट्रिय सभा अध्यक्ष पदमा उम्मेदवारी दिने निर्णय गरेको छ । बुधबार बिहान बसेको स्थायी कमिटी बैठकले राष्ट्रिय सभा अध्यक्षमा आफ्नो दलबाट पनि उम्मेदवार उठाउने निर्णय गरेको हो । बैठकपछि माओवादी केन्द्रका प्रवक्ता अग्नि सापकोटाले राष्ट्रिय सभा अध्यक्षमा माओवादी केन्द्र आफैंले उम्मेदवार उठाउने निर्णय भएको जानकारी दिए ।

राष्ट्रिय सभा अध्यक्षमा उम्मेदवार उठाउने माओवादी केन्द्रको निर्णयपछि सत्तागठबन्धनको प्रमुख घटक नेपाली कांग्रेसभित्र तरंग पैदा गरेको नेताहरु बताउँछन् । कांग्रेसले कृष्ण सिटौलालाई अध्यक्षमा उठाउने तयारी गरेको छ । यही तयारी अनुसार उनलाई उम्मेदवार बनाइएको थियो ।

गठबन्धनका तर्फबाट माओवादी समेतको मतका आधारमा सिटौला कोशी प्रदेशबाट निर्वाचित हुँदा माओवादीका उम्मेदवार चम्पा कार्की पराजित भएको लगायतका विषयलाई लिएर माओवादी केन्द्रले राष्ट्रिय सभा अध्यक्षमा दह्रोसित अडान राख्ने र राष्ट्रियसभाको अध्यक्षमा उम्मेदवार उठाउने निर्णय गरेपछि राजनीतिमा तरंग आएको बताइन्छ ।



फाइल तस्बिर

कोशी प्रदेशमा आफ्नो उम्मेदवार पराजित भएको, कांग्रेस महासमिति बैठकमा प्रस्तुत प्रतिवेदनमा माओवादीको पृष्ठभूमि सशस्त्र युद्धबारे गरिएको टिप्पणी र आलोपालो प्रधानमन्त्रीमा प्रचण्डले छाड्दा संवैधानिक परिषदमा उपस्थिति शून्य हुनेलगायत आधारमा राष्ट्रियसभाको अध्यक्षमा उम्मेदवार उठाउने निर्णय लिइएको माओवादी नेताहरु बताउँछन् ।

कांग्रेस अहिले राष्ट्रिय सभामा दोस्रो दल हो । गत निर्वाचनसँगै पहिलो भएको माओवादीको राष्ट्रिय सभामा १७ सिट छ भने दोस्रो ठूलो दल नेपाली कांग्रेससँग १६ सिट छ । ५९ सदस्यीय राष्ट्रिय सभामा अध्यक्ष बन्न कम्तीमा २९ मत चाहिन्छ। राष्ट्रिय सभामा माओवादीलाई अध्यक्ष दिन एमाले पनि सकारात्मक भएको बताइन्छ। एमाले अध्यक्ष केपी शर्मा ओली र माओवादी अध्यक्ष प्रचण्डका बीचमा यसबारे छलफल भएको नेताहरुको दाबी छ ।

एमाले नेताहरुका अनुसार राष्ट्रिय सभा अध्यक्ष लिएर माओवादीले आगामी वैशाख १५ गते हुने उपनिर्वाचनमा इलाम २ मा एमालेलाई सहयोग गर्नुपर्ने बताएको छ। साथै, तत्कालै राष्ट्रिय सभा उपाध्यक्ष एमालेले पाउनुपर्ने भनेको छ ।

एमालेको शर्त अनुसार अगाडि बढ्न माओवादी केन्द्रले गठबन्धन बदल्नुपर्ने हुन्छ।

पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# यूएई जव फेयरको सम्पूर्ण तयारी पूरा, व्यवसायी जाने क्रम तीव्र

**मध्यान्ह संवाददाता**
काठमाडौं, १६ फागुन

आगामी शनिबार यूएईमा हुने रोजगार मेला 'जव फेयर' २०२४ को सम्पूर्ण तयारी पुरा भएको नेपाल वैदेशिक रोजगार व्यवसायी संघले जनाएको छ । जव फेयरमा नेपालका ५ दर्जन बढी वैदेशिक रोजगार व्यवसायीले भाग लिन स्टल बुक गरेका छन् ।

यूएईमा कामदार पठाउनेसहित मलेसिया र युरोपेली मुलुकमा शून्य लागतमा कामदार पठाउने वैदेशिक रोजगार व्यवसायीहरुले स्टल बुकिङ गरेका छन् । उनीहरुले आ-आफ्ना स्टलमार्फत यूएईमा पठाउन सक्ने श्रम जनशक्तिको बारेमा यूएईका रोजगारदातालाई जानकारी गराउनेछन् ।

संघले पावर प्वाइन्ट प्रिजेन्टेसनमार्फत नेपालको समग्र विषयमा जानकारी गराउने तयारी गरेको मूल आयोजक समितिका सदस्य सचिवको जिम्मेवारीमा रहेका संघका महासचिव मेघनाथ भुर्तेलले जानकारी दिए । बुधबारसम्म व्यवसायीका ६३ स्टल बनेको र ती स्टलमा म्यानपावर कम्पनीका सञ्चालक र कर्मचारी सहित सय जनाभन्दा बढीको सहभागिता हुने जव फेयरका संयोजक, संघका प्रथम उपाध्यक्ष तथा अन्तर्राष्ट्रिय

पृष्ठ २ मा

## १४ म्यानपावर कम्पनीले पाए सफाइ

**काठमाडौं/मस–** वैदेशिक रोजगार विभागले जापानी भाषा तथा संस्कृतिसम्बन्धी तालिमको शंकास्पद प्रमाणपत्र प्रकरणमा १४ म्यानपावर कम्पनीलाई सफाइ दिएको छ । विभागले निलम्बन गरेका ती म्यानपावर कम्पनीलाई श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारीले निलम्बन फुकुवा गर्दै आवश्यक अनुसन्धान गर्न निर्देशन दिएका थिए ।

विभागका निर्देशक तथा सूचना अधिकारी कविराज उप्रेतीको संयोजकत्वमा रहेको समितिले अनुसन्धानको क्रममा कुनै त्रुटि फेला नपरेपछि उनीहरूलाई सफाइ दिइएको हो ।

सफाइ पाउने म्यानपावरमा गुड लाइफ इन्टरनेशनल इम्प्लोइमेन्ट एजेन्सी प्रा.लि., सत्यवती

पृष्ठ २ मा


Vacancy Announcement
One of the Reputed Recruitment Manpower Agency is seeking for following applicants.
Documentation : 2 (Female)
Receptionist : 1 (Female)
SALARY Negotiable
Requirements:
Minimum 2 years of experience in manpower field.
Interested candidates with experienced in the related field may apply their application with covering letter, updated CV at info.sshumanresource@gmail.com
श्रम इजाजत पत्र नं. १२३८/०७३/०७४
S.& S. Human Resource Pvt.Ltd.
Mahalaxmisthan- 15, Lalitpur, Nepal.
Tel.: +977-01-5523287. Mobile No: 9841234440.
Website: www.sandshumanresource.com.np



हार्दिक शुभकामना

यूएईको दुबई शहरमा यही मार्च २ तारिकका दिन हुन गइरहेको रोजगार मेला 'जव फेयर' २०२४ मा आमन्त्रित अतिथिहरु, रोजगारदाताहरु एवम् सम्पूर्ण सहभागीहरुमा हार्दिक स्वागत तथा मेलाको पूर्ण सफलताको
हार्दिक शुभकामना
व्यक्त गर्दछौं !
मध्यान्ह परिवार
राष्ट्रिय दैनिक



GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka
Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.osc@gmail.com
थप जानकारीको लागि
QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!
TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara, Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoon@mos.co.np
www.harvestmoongroup.com

# विद्युतीय व्यापार विधेयकबारे सरकार र संसदीय समितिसमक्ष सुझाव पेश



**काठमाडौं/मस-** उद्योगी व्यवसायीहरुले विद्युतीय व्यापार विधेयकमा गरिनुपर्ने सुधार सम्बन्धी सुझाव सरकार र संसदीय समितिसमक्ष पेश गरेका छन् ।

नेपाल उद्योग परिसंघ, अमेरिकन चेम्बर अफ कमर्स नेपाल र नेपाल एसोसिएसन फर सफ्टवेयर एण्ड आई.टी. सर्भिसेस् कम्पनीज्ले सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्मा र संसदको शिक्षा, स्वास्थ्य तथा प्रविधि समिति सभापति भानुभक्त जोशीलाई तीन महलेसहितको सुझाव बुझाएका हुन ।

परिसंघको सूचना प्रविधि परिषद् सभापति अजितविक्रम शाहसहितको टोलीले मंगलबार मन्त्री शर्मासँग भेट गरी विद्युतीय व्यापार सम्बन्धी व्यवस्था ल्याइनु सकारात्मक भएपनि विधेयकको परिभाषा, विद्युतीय व्यापारसम्बद्द पक्षहरुको दायित्व, सजायको व्यवस्था,अन्तर्राष्ट्रिय बजारमा पहुँच जस्ता प्रमुख पक्षहरुमा स्पष्ट गर्न आग्रह गरेको छ ।

साविकमा भएको व्यवस्था, संशोधन गर्न प्रस्ताव गरिएको व्यवस्था, र संशोधन गर्नुपर्ने कारणसहित खुलाई तीन महले ढाँचामा सुधार गर्नुपर्ने सुझावहरु उपलब्ध गराइएको छ । सो अवसरमा नेपालमा ठूला लगानीकर्ताले सूचना प्रविधि क्षेत्रमा लगानी गर्ने वातावरण बनाउन पनि आग्रह गरिएको छ ।

मन्त्री शर्माले सरकार सूचना प्रविधि र साइबर सुरक्षालगायतका आवश्यक कानून निर्माणको प्रक्रियामा रहेको बताइन् । उनले सरकारको नीति तथा कार्यक्रम र बजेटमा सूचना प्रविधि क्षेत्रका सम्बन्धमा सरकारलाई लिखित सुझाव दिन आग्रह गर्दै आगामी लगानी सम्मेलनमा प्रस्तुत गर्न सूचना प्रविधि क्षेत्रका परियोजना तयारी गर्न निजी क्षेत्रलाई आग्रह गरिन् ।

यसैगरी बुधबार संसदीय शिक्षा, स्वास्थ्य तथा प्रविधि समिति सभापति जोशीलाई विद्युतीय व्यापार विधेयकमा गरिनुपर्ने सुधारका लागि सुझाव पेश गरिएको छ ।

## अदालत...

न्यायको माग राख्दै काठमाडौंमा आन्दोलन तथा शान्तिपूर्ण धर्ना जारी राखेका मिटरव्याज पीडित र सरकारबीच पटक पटक भएका छलफल निष्कर्षविहीन छ । सरकारले पीडितहरु बस्दै आएको स्थान भृकुटीमण्डप खाली गर्न भनेपछि पीडितहरु सरकारसँग असन्तुष्टि जनाएका छन् ।

देशभरका विभिन्न जिल्लाबाट मार्च सहित न्यायको माग राख्दै शान्ति पूर्ण धर्ना तथा आन्दोलनमा मिटरव्याज पीडितसँगै लघुवित्तका पीडितहरु पनि छन् । लघुवित्तका पीडितहरु गत आइतबार नयाँ वानेश्वर स्थित संसद भवनमै छिरेका थिए ।

सरकारले उक्त घटनाको छानविन गर्न समिति गठन गरेको छ । यसभन्दा अगाडि पनि पटक पटक भएको आन्दोलनमा राज्यले वार्ताको नाममा बोलाउने र सम्झौता गर्दै कार्यन्वयन नगर्ने गरेकाले अहिलेको आन्दोलन राज्यको खराब प्रवृत्तिका विरुद्धसमेत भएको पीडितहरुको भनाइ छ ।

## लघुवित्त...

लागि आन्दोलनरत रहेका बताउँछन् । उनीहरु सुरक्षा संयन्त्रका कमजोरीका कारण संसद भवनभित्र प्रवेश गरेकाले मुद्दा चलाउनु नहुने उनको भनाई छ । दोषी देखिने सुरक्षा संयन्त्रका व्यक्तिहरुलाई भने कारबाही गर्नुपर्ने उनले बताए ।

उनले भनेका छन्, ‘सुरक्षाको असाध्यै कमजोर उपस्थितिको कारणले गर्दा लघुवित्त ठगि पीडितहरु संसद भवन छिर्नुभयो । त्यहाँ गृहमन्त्रीको, गृह प्रशासनको कमजोरी रहेको कुरा हामीले महशुस गऱ्यौं । आज ४०/५० संख्याका पीडितहरुलाई प्रहरी हिरासतमा राखिएको छ । नेपाल सरकारले ती पीडितहरुलाई मुद्दा दायर गर्ने प्रक्रिया अगाडी बढाउनेगरी निर्णय गरेको छ । त्यो बेठिक छ । उहाँ पीडितहरु न्यायको लागि आउनुभएको थियो ।’

उनले सुरक्षा संयन्त्र वा गृह प्रशासनको कमजोरी भएको बताए । ‘अविलम्व उहाँहरुलाई मानवीय व्यवहारसहित बिना शर्त तत्काल उहाँहरुलाई रिहाइ गरियोस् । मुद्दा लगाउने निर्णय फिर्ता गरियोस् । दोषि देखिएका सुरक्षा संयन्त्र हो भने त्यहाँ कारबाही गरियोस्’ उनले भनेका छन् ।

## माओवादीको ...

राष्ट्रिय सभामा एमाले १० सिट सहित तेस्रो दल छ । प्रधानमन्त्री प्रचण्डले गत निर्वाचनमा राष्ट्रिय सभामा एमालेलाई भागबण्डा गर्ने पर्यास गरेका थिए । तर, संक्रमणकालीन न्याय सम्बन्धी विधेयक चुनाव अगाडि पारित गर्नुपर्ने शर्तमा एमाले सहमत नहुँदा उक्त पर्यास असफल भएको थियो ।

राष्ट्रिय सभा निर्वाचन हुनुअघिसम्म माओवादीले अध्यक्ष के गर्ने केही भनेको थिएन । कांग्रेसका सिटौलालाई नै समर्थन गर्ने बचन दिएको कांग्रेस नेताहरुको दाबी छ ।

तर गत माघ ११ गते भएको राष्ट्रिय सभा निर्वाचनमा कोशी प्रदेशबाट माओवादीको उम्मेदवार चम्पादेपी काकी पराजित भएपछि माओवादीभित्र कांग्रेसविरोधी मत बढेको छ । त्यसमाथि कांग्रेसले महासमिति बैठकमा गठबन्धन र माओवादी विरोधी कुरा गरेपछि यो माओवादी केन्द्र थप रुष्ट भएको छ ।

कोशी प्रदेशमा आफ्नो उम्मेदवार पराजित भएको, कांग्रेस महासमिति बैठकमा प्रस्तुत प्रतिवेदनमा माओवादीको पृष्ठभूमि सशस्त्र युद्धबारे गरिएको टिप्पणी र आलोपालो प्रधानमन्त्रीमा प्रचण्डले छाड्दा संवैधानिक परिषदमा उपस्थित शून्य हुने लगायतका आधारमा माओवादीले अध्यक्षमा उम्मेदवार उठाउने निर्णय गरेको हो ।

## यूएई...

कोअर्डिनेटर डिक बहादुर खत्रीले जानकारी दिए ।

यूएईस्थित नेपाली दूतावासको सहकार्य रहेको जव फेयरमा यूएईस्थित रोजगारदाताहरु, सबै स्टेटका चेम्बर, इन्डियन इन्भेष्टमेन्ट ग्रुप, बिजनेस कम्युनिटी, एचआर एशोसिएसन र आधिकारिक नेपाली चेम्बरहरुसहित सयभन्दा बढी स्थानीय रोजगारदाताहरुले अवलोकन गर्ने तय भएको पनि संयोजक खत्रीले बताए ।

कार्यक्रममा नेपालाबाट श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारी, सचिव केवल प्रसाद भण्डारी, वैदेशिक रोजगार बोर्डका कार्यकारी निर्देशक द्वारिका उप्रेती, यूएईका लागि नेपाली राजदूत तेजबहादुर क्षेत्री र बोर्डका निर्देशक टिकाराम ढकाल सहभागी हुने छन् । यस्तै कार्यक्रममा यूएईका मानव संशाधन तथा इमिराइटेशन मन्त्री अब्दुलमानन अल अवारले सम्बोधन गर्ने कार्यक्रम रहेको छ ।यूएईमा नेपालीका लागि धेरै क्षेत्रमा रोजगारीको सम्भावना भएपनि बिचौलियाहरुका कारणले समस्या रहेको र त्यसको निराकरणका लागि रोजगारदाताहरुसँग नेपाली म्यानपावर व्यवसायीहरुको प्रत्यक्ष सम्बन्ध स्थापित गर्न जव फेयर आयोजना गरिएको संघले बताएको छ ।

मेला मूल आयोजक समितिका संयोजक खत्री तथा संघको यूएई संयोजक नारायण भुसाललगायत व्यवसायी तयारीका लागि एक हप्ता अगाडिदेखि यूएई पुगेर तयारी गरिरहेका छन् भने संघका अध्यक्ष राजेन्द्र भण्डारी तथा महासचिव भुर्तेलसहितको टोली बुधबार राति प्रस्थान गरेको छ । अन्य व्यवसायी बिहीबार र शुक्रबार जाँदैछन् ।

नेपालले नेपाली कामदारका लागि नयाँ क्षेत्र खोजी गर्न यूएईमा १७ वर्षअघि २००७ को जुन ६ तारिकमा जव फेयर आयोजना गरेको थियो । उक्त जव फेयरका कारणले नेपालमा कामदारहरु अदक्ष मात्र उपलब्ध छन् भन्ने यूएईका रोजगारदाताहरुको सोचाइ नै परिवर्तन भएको थियो भने सोही जव फेयरमा दिएको प्रिजेन्टेसनका कारण डा. गणेश गुरुङ वैदेशिक रोजगार विज्ञका रुपमा स्थापित भएको अनुभव धेरै व्यवसायीको छ ।

परम्परागत निर्माण कामदार, सुरक्षागार्ड, सर्भिस तथा हस्पिटालिटीसहित यस पटक आईटी क्षेत्रमा नेपालमा रहेको जनशक्ति र श्रम बजारमा प्रत्येक वर्ष प्रवेश गर्ने सक्रिय जनशक्तिबारे जानकारी गराउने तयारी रहेको पनि संयोजक खत्रीले बताए ।

यूएई नेपाली कामदारको प्रमुख श्रम गन्तव्य मुलुकका रुपमा रहेको छ । यूएई र नेपाल सरकारबीच यसअघि भएको सम्झौताअनुसार नेपाली कामदारको खर्च रोजगारदाताले नै व्यहोर्नुपर्ने व्यवस्था छ । सम्झौतामा कामदारले कुनै पनि शुल्क भुक्तानी गर्नु नपर्ने भएपनि रोजगारदाताको कमीकमजोरीका कारण कतिपय अवस्थामा कामदारहरु शुल्क तिरेर जाने गरेका छन् ।

## १४ म्यानपावर...

ओभरसिज प्रा.लि., डीएन इन्टरनेशनल प्रा.लि. र रोयल ओभरसिज प्रा.लि.लगायत रहेका छन् ।

विभागका महानिर्देशक डण्डुराज घिमिरेले मन्त्रालयबाट निलम्बन फुकुवाको निर्णय भएपछि विभागले पनि सफाइ दिएको बताए ।

# गेरुवा खेलग्राममा पालिकास्तरीय कृषि मेला प्रदर्शनी शुरु

**सन्तोष पौडेल/मध्यान्ह**
बर्दिया, १६ फागुन

समृद्ध गेरुवा गाउँपालिकाको आधार, कृषि, पर्यटन र पुर्वाधार भन्ने नाराका साथ गेरुवा गाउँपालिकाको वडा नं. ४ नवज्याती बजारस्थित गेरुवा खेलग्राममा बुधबार देखि पालिका स्तरिय कृषि मेला प्रदर्शनी २०८० शुरु भएको छ ।

निर्वाहमुखी कृषि लाई व्यावसायिक बनाउँदै कृषकलाई कृषि पेशाप्रति प्रोत्साहित गर्न गाँउपालिकाका विभिन्न ठाउँमा उत्पादन भएका कृषि उपजको प्रचार-प्रसार एवं प्रतिष्पर्धा गराउँदै उत्कृष्ट कृषि उपज उत्पादन गर्ने कृषकलाई पुरस्कृत तथा थप प्रोत्साहित गर्नका लागि कृषि मेला प्रदर्शनीको आयोजना गरिएको गेरुवा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नर बहादुर चन्दले बताए ।



गेरुवा गाउँपालिका , गाउँपालिका स्तरिय कृषक समन्वय समिति र गेरुवा गाउँपालिका अन्तर्गतका गठित कृषक समुहको संयुक्त आयोजनामा कृषि मेला प्रदर्शनीको आयोजना गरिएको हो ।

कृषि मेला प्रदर्शनीमा विभिन्न प्रजातिका खाद्यबाली समूह, फलफुल समूह, तरकारी समूह, सागपात समूह, दलहन तथा तेलहन समूह, आलु समूह, मसला समूह, माछा, मौरी, लगायतको कृषि स्टल राखिएको कृषि उपशाखा प्रमुख भाष्कर सिंह ठकुरीले बताए ।

कृषि मेला प्रदर्शनीमा राखीएका विभिन्न बालीमा मुल्यांकन गरी मुल्यांकनका आधारमा प्रथम, द्वितीय, तृतीय र सान्त्वना हुने किसानका कृषि उपज वस्तुहरुलाई नगद पुस्कार तथा प्रमाण पत्र समेत वितरण गरीने आयोजकले जनाएको छ ।


## अधिकतम खुद्रा विक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस फर्म/कम्पनीले चाईना/इण्डियाबाट पैठारी गरेको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा विक्री मूल्य निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**तपसिल**

| सि.नं. | मालवस्तुको विवरण | आकार प्रकार | ब्राण्ड | मोडल | क्षमता | उत्पतिको मुलुक/राष्ट्र | ईकाई | प्रति ईकाई मुल्य | अधिकतम खुद्रा विक्री मूल्य (MRP) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Refrigerator | | JN HITACHI FUJIAN | HF-193CSBL | 177L | Indonesia | Pcs | 27800.00 | 27800.00 | |
| २. | Refrigerator | | JN HITACHI FUJIAN | HF-219CSML | 187L | Indonesia | Pcs | 29100.00 | 29100.00 | |
| ३. | Refrigerator | | JN HITACHI FUJIAN | HF-243DDM | 217L | Indonesia | Pcs | 41600.00 | 41600.00 | |
| ४. | Refrigerator | | JN HITACHI FUJIAN | HF-263DDB | 237L | Indonesia | Pcs | 43500.00 | 43500.00 | |
| ५ | Refrigerator | | JN HITACHI FUJIAN | HF-313DDM | 287L | Indonesia | Pcs | 44290.00 | 44290.00 | |
| ६ | Washing Machine | 595*625*850 | JN HITACHI FUJIAN | HF-100Q1582BLC | 10KG | China | Pcs | 62400.00 | 62400.00 | |
| ७ | Washing Machine | 595*520*850 | ROWA | RWF80-D1435BLF | 8KG | China | Pcs | 52100.00 | 52100.00 | |
| ८ | Washing Machine | 595*560*850 | HITECH | HWF90-D1465BLF | 9KG | China | Pcs | 54500.00 | 54500.00 | |
| ९ | Washing Machine | 595*470*850 | ROWA | RWF70-M31DM | 7KG | China | Pcs | 41900.00 | 41900.00 | |

**जे.एन.इण्डस्ट्रीज प्रा.लि.**
**सैँतुगल, काठमाडौं**

**स्थायी लेखा नं ६०१८५६५५८**
**फोन नं.९८०१२३५०८०**



**Government of Sudur Pashchim Province**
**Ministry of Physical Infrastructure Development**
## Water Supply and Sanitation Division Office
**Kailali**

## Invitation For Bid (IFB)

**First Date of Publication: February 29, 2024 (B.S.:2080 Falgun 17)**

1. Water Supply and Sanitation Division Office, Kailali invites open competitive bidding from eligible bidders for the procurement of the following goods and works under National Competitive Bidding (NCB):

| S. No. | Contract ID No. | Descriptions | Estimated Amount (exclusive of VAT ) (NRs.) | Average annual Turnover of best 3 years within last 10 years (NRs.) | Bid Document Fee (Non-Refundable) (NRs.) | Bid Validity/ Bid Bond Validity period | Bid Security/ Bid Bond (NRs.) | Remarks |
|---|---|---|---|---|---|---|---|---|
| 1 | WSSDO/ KAILALI/NCB/ WORKS/10/080-81 | Drilling and Installation Deep tubewell for Various Water Supply Projects of Kailali and Kanchanpur Districts. | | 3,12,00,000 | 5,000 | 90/120 days | 6,00,000 | |
| 2 | WSSDO/ KAILALI/NCB/ GOODS/11/080-81 | Supply, installlation, testing and commissioning of 250 LPH RO with hot and cold water system. | 1,76,38,384 | | 3,000 | 90/120 days | 5,00,000 | Bidders should submitted the experience certificate on similar nature at least two system Installations. |
| 3 | WSSDO/ KAILALI/NCB/ GOODS/12/080-81 | Supply and Delivery of GI Pipes, Fittings and Tools. | 1,46,85,278 | | 3,000 | 90/120 days | 4,20,000 | |
| 4 | WSSDO/ KAILALI/NCB/ GOODS/13/080-81 | Supply and Delivery of GI Pipes, Fittings and Tools. | 1,66,89,247 | | 3,000 | 90/120 days | 4,75,000 | |
| 5 | WSSDO/ KAILALI/NCB/ GOODS/14/080-81 | Supply and Delivery of GI Pipes, Fittings and Tools. | 1,54,61,545 | | 3,000 | 90/120 days | 4,40,000 | |
| 6 | WSSDO/ KAILALI/NCB/ GOODS/15/080-81 | Supply and Delivery of GI Pipes, Fittings and Tools. | 1,48,15,314 | | 3,000 | 90/120 days | 4,20,000 | |
| 7 | WSSDO/ KAILALI/NCB/ GOODS/16/080-81 | Supply and Installation of Complete Solar System. | 1,29,20,436 | | 3,000 | 90/120 days | 3,80,000 | Bidders should submitted the experience certificate on similar nature at least one W/S Project. |

2. Bidders can only apply bid electronically through PPMO’s e-GP system www.bolpatra.gov.np/egp.
3. Any conditions so far not covered shall be as per Public Procurement Act, 2063 and Public Procurement Regulation, 2064. Any amendments regarding bid shall be published in e-procurement section of PPMO’s e-GP system.
4. Eligible bidders may obtain further information from Water Supply and Sanitation Division Office, Kailali (Tel: 091-521138; email: wss.kailali@gmail.com) during office hours or may visit the PPMO web portal www.bolpatra.gov.np/egp.

**Division Chief**

# ‘न्यायपालिका स्वाभाविक लय र गतिमा हिंड्न थालेको छ’



जनकपुरधाम/मस- सर्वोच्च अदालतका प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठले न्यायपालिका अहिले स्वाभाविक लय र गतिमा हिंड्न थालेको बताएका छन् ।

उच्च अदालत जनकपुरधामद्वारा बुधबार जनकपुरधाममा आयोजित फरक मुद्दा व्यवस्थापन र यसको कार्यान्वयनको अवस्थासम्बन्धी अन्तरक्रियालाई सम्बोधन गर्दै प्रधानन्यायाधीश श्रेष्ठले न्यायापालिकाको जिम्मेवारीमा रहेका सबैको सामूहिक प्रयास र प्रतिबद्धतापछि न्याय क्षेत्रमा सकारात्मक अवस्था सृजना भएको बताए । उनले संविधान, आम नागरिक र राष्ट्रपतिको न्यायपालिकाप्रतिको अपेक्षा स्वच्छ, निष्पक्ष, छिटोछरितो, गुणस्तरीय एवम् प्रभावकारी न्याय सम्पादन हुनुपर्छ भन्ने रहेकाले सोहीअनुसार क्रियाशील हुन निर्देशनसमेत दिए । ‘मुद्दाको फछ्र्यौट र बक्यौता न्यूनीकरणलाई वाञ्छितस्तरमा नल्याएसम्म सुधारका प्रयासले सार्थकता पाउन सक्दैनन् । न्याय सम्पादन र व्यवस्थापकीय पक्षमा सुधारका लागि अन्य थुप्रै प्रयास भइराखेका छन् । तिनलाई निरन्तरता दिने, नतिजामूलक बनाउने, संस्थागत गर्ने भूमिका र जिम्मेवारी हामी सबैको हो’, प्रधानन्यायाधीश श्रेष्ठले भने, ‘मैले जिम्मेवारी सम्हालेदेखि नै न्यायिक सुधारका विभिन्न पक्षमा आफूलाई केन्द्रित र समाहित गर्दै आएको छु । न्यायिक सुधारप्रति सबैको स्वामित्व र प्रतिबद्धता पनि देखिएको छ । सुधारका संकेत पनि देखिएका छन् । त्यसमा यहाँहरू सबैको सत्प्रयास र प्रतिबद्धता जरुरी छ ।’

कार्यबोझ र बक्यौताको दृष्टिकोणबाट बढी चुनौतीपूर्ण अवस्था रहेको सर्वोच्च अदालतमा केही समयदेखि नयाँ दर्ताको तुलनामा बढी मुद्दा फछ्र्यौट गर्ने नीतिअनुसार काम भइरहेकाले बक्यौता मुद्दाको लगत क्रमशः घट्दै गएको पनि उनले जानकारी दिए ।

प्रधानन्यायाधीश श्रेष्ठले सर्वोच्च अदालतलगायत सबै तहका अदालतमा रिक्त न्यायाधीशको पदपूर्ति गरिएकाले मुद्दा फछ्र्यौटले थप गति लिने विश्वास रहेको बताए । उनले उच्च अदालतको पछिल्लो नियुक्तिको कारण जिल्ला न्यायाधीश रिक्त हुन पुगेकामा त्यहाँ पनि पदपूर्तिको प्रक्रिया अगाडि बढिसकेको जानकारी दिए । सर्वोच्च अदालत र उच्च अदालतमा मुद्दामा पेसी तोक्ने कार्यलाई स्वचालित पद्धतिमा आधारित बनाइएकाले राम्रो नतिजा दिइराखेकाले अब छिट्टै जिल्ला अदालतमा पनि सो पद्धति लागू गर्ने तयारी भइरहेको पनि उनले जानकारी दिए । त्यसैगरी, भौगोलिक कारणबाट अदालतमा भौतिकरूपमा उपस्थित हुँदा लाग्ने खर्च र समयको बचत गर्न अनलाइन बहस पैरवी गर्ने पद्धतिलाई थप विस्तार गर्न जुम्ला इजलास, धनकुटा इजलास, महेन्द्रनगर इजलास र हेटौँडा इजलास गरी चार स्थानमा भिडियो कन्फरेन्सिङमार्फत बहस पैरवीको व्यवस्था गरिसकिएको र अब त्यसलाई व्यवस्थित गर्दै लगिने श्रेष्ठको भनाइ छ । सूचना र प्रविधिको प्रयोगमार्फत न्यायप्रणालीलाई सहज, सुलभ र छिटोछरितो बनाउन मुद्दाको अनलाइन रजिष्ट्रेसनको कार्य सर्वोच्च अदालतमा नमूनाका रुपमा प्रारम्भ गरी क्रमशः विस्तार गर्दै लैजाने तयारी अन्तिम चरणमा रहेको छ । त्यस्तै, अनुचित लेनदेनबाट धेरै नागरिक समस्यामा परेको विषयका मुद्दा अदालतमा आउँदा इमान्दारितापूर्वक न्याय दिने मनसायका साथ हेर्नुपर्ने आवश्यकताका बारेमा पनि सचेत रहन सबैलाई प्रधानन्यायाधीश श्रेष्ठले ध्यानाकर्षण गराए ।

कार्यक्रममा सर्वोच्च अदालतका मुख्य रजिष्ट्रार देवेन्द्रराज ढकालले न्याय सम्पानलाई थप प्रभावकारी र छिटोछरितो बनाउन आवश्यक कर्मचारी प्रशासन, भौतिक पूर्वाधार र बजेट व्यवस्थापनको कामलाई पनि सँगसँगै अगाडि बढाइएको बताए । उनले न्यायसम्पादनका लागि स्रोतसाधनको अभाव हुन नदिने गरी प्रधानन्यायाधीश र उहाँको निर्देशनमा आफूहरू क्रियाशील भइरहेकाले आगामी आर्थिक वर्षमा त्यसको सुखद परिणाम देखिने बताए ।

## Shree Janata Model Secondary School, Gurungchauri

**Belaka-04, Udayapur**
**Koshi Province, Nepal**

### Letter of Intent to award the contract

**First Date of Publication: 2080/11/17 (February 29, 2024)**

Pursuant to clause 27, sub clause 2 and 3 of Public Procurement Act, 2063 and ITB Clause 33 of Bidding Document, all concern bidders participated in the bidding as per notice published on Madhyanha National Daily Newspaper dated on January 08, 2024 (23-09-2080 B.S.) are notified that, it is our intention to award the contract as provided in the table below.

| S. N. | Name of Project | IFB No. | Name and Address of Qualified Bidder | Bid Amount (with VAT and PS) |
|---|---|---|---|---|
| 1 | Construction of Shree Janata Model Secondary School Building, Belaka 04, Udayapur | JMSS/UDA/W/ NCB/02/2080-081 | M/S Bajrakali Manu Nirman Sewa Pvt. Ltd. Boudhha-06, Kathmandu | 62,36,502.33 |

**Principal**
**Shree Janata Model Secondary School**

## Shivapuri Rural Municipality
## Office of the Rural Municipal Executive

**Sherabagar, Nuwakot**
**Bagamati Provience, Nepal**

### Invitation of E-Bids for the Construction of Building

**(Date of First publication : 2080/11/17 B.S.)**

***Shivapuri Rural Munucipality, Nuwakot*** invites electronic bids only from Nepalese eligible bidders for the construction of Projects as mentioned below Under NCB One-Stage: One-Envelope Bidding Procedure. Eligible Bidders may obtain all further information from PPMO's website ***http://www.bolpatra.gov.np/egp.***

| S. N. | Contract Id | Name of Project | Total Project Cost Including VAT & PS | Bid Security Amount (NRs) | Bid doc fee NRs |
|---|---|---|---|---|---|
| 1 | SRM/NCB/WORKS/ 080-081/05 | Prabidhik Sikshalaya Syaure Bhume Purbadhar Nirman | 97,66,976.49 | 2,30,000.00 | 3000.00 |

**Chief Administrative Officer**

नेपाल सरकार
गृह मन्त्रालय

## जिल्ला प्रशासन कार्यालय, संखुवासभा

### जग्गा अधिग्रहण गर्ने सम्बन्धी सूचना

**(सुचना प्रकाशन मिति २०८०/११/१७ गते)**

पाँचखपन नगरपालिकाको ल्याणडफिल साइट निर्माण, स्वास्थ्य चौकी भवन निर्माण र वडा नं. २ स्थित प्रहरी चौकी भवन निर्माणको लागि आवश्यक पर्ने क्रमशः पाँचखपन नगरपालिका वडा नं. ७ (साविक जलजला गा.वि.स. वडा नं. ७) संखुवासभा, पाँचखपन नगरपालिका वडा नं. ४ (साविक वाना गा.वि.स. वडा नं. ९) संखुवासभा र पाँचखपन नगरपालिका वडा नं. २ (साविक स्यावुन गा.वि.स. वडा नं. ९) संखुवासभाको जग्गा अधिग्रहण गर्न निम्न जग्गा स्थायी रुपमा अधिग्रहण गर्ने गरी जग्गा प्राप्ति ऐन, २०३४ को दफा ९ र १० को प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशन भएको मितिले बाटाको म्याद बाहेक ७ (सात) दिन भित्र आफ्नो जग्गा प्राप्त नगर्नु पर्ने कुनै कारण भए त्यसको कारण खोली सोही ऐनको दफा ११ बमोजिम यस कार्यालय मार्फत गृह मन्त्रालयमा उजुरी गर्न सकिनेछ । सूचना प्रकाशित भएको मिति देखि नै अधिग्रहण गरिने जग्गाहरु रोक्का रहने हुँदा उक्त क्षेत्रमा कुनै पनि संरचना थप्ने कार्य नगर्नु नगराउनु हुन जानकारी गराईन्छ ।

**निम्नः**

| सि. नं. | जग्गाधनीको नाम | बाबु/पतिको नाम | बाजे/ससुराको नाम | हालको ठेगाना | साविक ठेगाना | कि.नं. | क्षे.फ. (व.मि.) | अधिग्रहण हुने क्षे.फ. (व.मि.) | तर्फ |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | सिद्धिहाङ राई | जिताहाङ | काली बहादुर | पाँचखपन ७ | जलजला ७ | १४२९ | ३२००० | १०३७४ | दक्षिण |
| २ | रमेश कुमार तामाङ | डम्बर बहादुर | चन्द्र बहादुर | पाँचखपन ४ | वना ९ | ५५१ | १७८० | १७८० | ससिम |
| ३ | योगेन्द्र बहादुर पोखेल | दल बहादुर | काशीनाथ | पाँचखपन २ | स्यावुन ९ | १७५०, १७५४ | ११७०, ५१० | ११७०, ३८७.६२ | ससिम पश्चिम |
| | कुल बहादुर पोखेल | दल बहादुर | काशीनाथ | पाँचखपन २ | स्यावुन ९ | १७५५, १७५१ | ५१०, ११७० | ५१०, ४८९.७३ | ससिम पश्चिम |

## चिशंखुगढी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**सेर्ना, ओखलढुंगा**
**कोशी प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशन मितिः २०८०/११/१७**

चिशंखुगढी गाउँ कार्यपालिकाको कार्यालय, सेर्ना, ओखलढुंगाको मिति २०८०/०९/२६ गते हिमालय टाइम्स राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना तथा e–GP system मा प्रकाशित विद्युतिय बोलपत्र आह्वान सम्बन्धी सूचना अनुसार रीतपूर्वक E–bid submission मार्फत पेश हुन आएका बोलपत्रहरु मूल्याङ्कन हुँदा निम्न बोलपत्रदाताहरुको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही रहेकोले उक्त बोलपत्रहरू स्वीकृतीका लागि छनोट गरिएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) को दफा २७ को उपदफा २ र सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र. सं. | ठेक्का नं. | छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम (प्रोभिजनल र मु.अ.कर सहित) |
|---|---|---|---|
| १ | (CRM/NCB/WORKS/04/080/81) Repair and maintenance of the road from Kalimati, Majhuwa to Thotne khola. | Subodha Construction and Suppliers Pvt. Ltd., Madhyapur Thimi, Bhaktapur, Bagmati Province, Nepal. | ६२,६४,९५२.१९/- (अक्षेरेपी रु. बैसठ्ठी लाख चौसठ्ठी हजार नौ सय बाउन्न रुपैया उन्नाइस पैसा मात्र) |

**प्रमुख प्रशासकीय अधिकृत**


# VACANCY ANNOUNCEMENT

A Reputed Foreign Employment Agency is looking for suitable candidates for the given post.

1. Receptionist : 01 *Female*

*Qualification/Experience:*

*- Should have experienced in related work field*
*- Should have good communication skills*
*-Should have passed +2*

SALARY IS NEGOTIABLE!!

CONTACT: Bijay Lama 9851117119
Sunil Gurung 9808057373

Govt. License 826/066/67

**AP OVERSEAS PVT. LTD**

Sorakhutte, Link Road, KTM, Nepal, Tel: +977-01- 4988574, 49884858, E-mail: apoverseasktm@yahoo.com, info@apoverseas.com.np,Website : www.apoverseas.com.np


**Rural Oriented Youth Movement** (ROYM-Nepal)
Kathmandu

### कम्प्युटर तथा कम्प्युटर समान सम्बन्धी बोलपत्र सूचना

उपरोक्त सम्बन्धमा यस संस्थालाई सामाग्री आवश्यकता भएकोले आजको मितिले ७ दिनभित्र बोलपत्र नेपाल ***(www.bolpatranepal.com)*** मार्फत शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचना प्रकाशित गरिएको छ।

**1- Laptop: 9 pcs**
Specs: 11th Gen i5 above | RAM: 8GB | Display: 13 to 15 inch HD | Min.1366 x 768 Resolution | Non - Touch | Type C Port | Express Charge Battery | Windows 11 +
**2- Laptop Stand: 7 pcs**
Aluminium Alloy 7-level adjustable laptop stand for 10 to 17 inches
**3- Portable External Hard Drive: 4 pcs**
2 TB, SuperSpeed USB 3.0, Connection bandwidth upto 5Gbits per second (Above)

**प्रकाशित मितिः** फाल्गुन १७ गते
**पेश गर्ने अन्तिम मितिः** फाल्गुन २४ गते ( दिउसो १२ बजे )

बोलपत्र Document हेर्न र आवेदन दिन :
***www.bolpatranepal.com/bids/view/237600***

थप जानकारी को लागिः ९८४९४४७७८८ | ९८०२३४७७८८

## Sayal Rural Municipality
## Office of Municipal Executive

**Dudeligada, Doti**
**Sudurpaschim, Nepal**

### Invitation for Bids

**Contract Identification No: SRM/WORKs/2080/081/SQ/01**
**Date of publication: 2024/02/29 A.D**

1. The *Sayal Rural Municipality* invites sealed quotations for the construction of ***Construction of Masonary wall at Sayal Rural Municipality-05,Doti.***

| S.No | Contract Identification Number | Description of work | Estimated Amount Excluding VAT(NRs) | Bid Security (NRs) | Bid Document Price(NRs.) | Bid Submission Deadline | Bid Opening Date | Remarks |
|---|---|---|---|---|---|---|---|---|
| 1 | SRM/WORKs/ 2080/081/SQ/01 | Construction of Masonary Wall at Sayal Rural Municipality -05, Doti | 17,69,645.5 | 50,000/- | 1,000/- | 14th March 2024 AD 12:00 Noon | 14th March 2024 AD 1:00 Noon | |

2. Sealed Quotation Forms may be purchased by eligible Bidders upon payment of a non-refundable fee of 1000.0 NRs.
   i. Name of the Bank: Nabil Bank Ltd. ii. Name of Office : Sayal Rural Municipality,Dudilegada ,Doti
   iii. Office (Aanatarik rajaswa) **Account No :07801017500216** iv.Office (Dharauti) Account no :07801017500037
3. Bid Security must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of NRs.50000 which shall be valid for 30 days beyond the validity period of the bid i.e 75 days
4. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**

मध्यान्ह
www.madhyanhadaily.com
१७ फागुन २०८०, बिहीबार
29 February 2024, Thursday

## सम्पादकीय

# कस्तो नीति ? कस्तो कार्यक्रम ?

मुलुकको अर्थ प्रणाली सुधार गर्न एकपछि अर्को अभ्यास हुँदै आएको छ । पुराना कमजोरी सुधार्न भनेर नीति तथा कार्यक्रम र बजेट आउने दिनलाई संविधानमै उल्लेख गरिएको छ । जस्तासुकै राजनीतिक परिस्थिति भएपनि अर्थ प्रणाली अवरूद्ध हुन नदिन नीति तथा कार्यक्रम र बजेट आउने दिन संविधानमै निश्चित गरिएको छ । संविधानले बजेटलाई अनिवार्य गरेपछि नियमित संसद् नचलेपनि अध्यादेशबाट सरकारले निर्णय लिने गरेको छ । तर फेरि पनि बजेटको स्रोत संकलन र खर्चमा ठूलो सुधार हुन सकेको छैन । हरेक वर्ष अर्धवार्षिक समीक्षा गरेर बजेटको आकार घटाउनु नियमित जस्तो बनेको छ । यसपटक पनि बजेटको आकार घटाएको सरकारले आगामी आर्थिक वर्षको बजेट ल्याउने काम सुरु गरिसकेको छ ।

सँगै नीति तथा कार्यक्रममाथि छलफल पनि फागुनबाटै सुरु भएको छ । सरकारले पूर्वप्रतिवद्धता अनुसारै नीति तथा कार्यक्रममाथि छलफल थालेको हो । पहिले तयार भइसकेको कार्यक्रममाथि औपचारिकताका लागि मात्रै संसद्मा छलफल हुने परिपाटी तोड्ने यो आफैमा महत्वपूर्ण थालनि हो । सांसदहरूले यो छलफललाई प्रभावकारी बनाउनेमा ध्यान दिन जरूरी छ । तर प्रभावकारी छलफल हुनेमा विश्वस्त हुने आधार चाहिँ देखिदैन । किनकि कुनै वर्ष विशेषको नीति तथा कार्यक्रम र बजेटमाथि मात्रै छलफल गरेर मुलुकको आर्थिक स्थितिमा ठूलो परिवर्तन आउने देखिदैन । अझ सांसदहरू र राजनीतिक दलहरूले भोट हेरेर नीति तथा कार्यक्रम र बजेटमाथि धारणा बनाउने प्रवृत्ति डरलाग्दो छ । यसले मुलुकको विकास सन्तुलित हुन सकिरहेको छैन ।

जबकी संविधानले समाजवाद उन्मुख अर्थ–राजनीतिक प्रणालीलाई लक्ष्य बनाएको छ । त्यो भनेको समतामुलक समाज निर्माण हो । तर पहुँजवालाहरूले आफ्नो क्षेत्रमा बजेट लैजाने जोड दिने अनि दलहरूले आफ्नो पार्टीले जस लिनेगरी योजना बनाउने गरेका छन् । यसको अर्थ मुलुकमा ठूलो राजनीतिक परिवर्तन पछि पनि हाम्रो विधायकहरूको मानसिकतामा परिवर्तन आएको छैन । गणतन्त्र स्थापनाको यति लामो समय भइसक्दा पनि बजेटहरूको संगतिबारे ध्यान दिइएको छैन । जबकी लामो समय व्यवस्था परिवर्तनकै संक्रमणमा गुज्रिनु परेकाले गरीबीको सूचीमा नेपाल निकै तल परेको निष्कर्ष आमजस्तै छ । यो स्थितिमा सुधार गर्न कुनै वर्षको मात्रै नभएर समग्र बजेटहरूकै समीक्षा आवश्यक छ । पहुँज हुनेहरूलाई होइन, पछाडि परेका समुदायलाई माथि उकास्ने नीति तथा कार्यक्रमबारे प्रभावकारी छलफल आवश्यक छ । निरन्तर सुधार भइरहेको बजेट प्रणालीमा अबको बहस समग्र बजेटहरूकै समीक्षाबारे हुन जरूरी छ । यसतर्फ विधायकहरूको ध्यान जाओस् ।

# लोकतन्त्रमा न्यायिक स्वतन्त्रता

अग्रलेख



● प्रदीप उप्रेती

जस्तोसुकै जटिल परिस्थितिमा पनि मुलुकको संवैधानिक प्रावधानअनुसारको न्यायिक जनअधिकारलाई बिचलित पारिनु हुँदैन भन्ने मान्यता रहँदै आएको छ । प्रस्तुत मान्यताअनुरूप कुनै कारणबस न्यायिक बिचलनको परिवेश निर्माण भए न्याय हराए सरहको अवस्था सिर्जना हुनेछ भन्न सकिन्छ । उक्त प्रवृति बढ्दा न्यायालयप्रति जनविश्वास गुम्न गई नागरिक समाजमा वितृष्णा उत्पन्न हुने देखिन्छ । नागरिक स्वतन्त्रताका विविध पक्षअन्तर्गत न्यायिक स्वतन्त्रताको भिन्नै महत्व रहँदै आएको छ । जसले लोकतन्त्रको सम्बर्द्धन, प्रबर्द्धन एवम् विकासमा महत्वपूर्ण उपलब्धिमूलक नतिजा हासिल गर्न सहयोग पुऱ्याउनेछ ।




कथम् कदाचित राज्यव्यवस्थाको शासकीय स्वरूपमा आबद्ध रहेका समूह विशेषको व्यवहारका कारण नागरिक समाजले न्याय हिनताको अनुभूती गर्ने अवस्था प्रारम्भ भए उच्च राजनीतिक महत्वांकाक्षा बढ्न गई राज्य निरंकुशताउन्मूख मार्गमा अगाडि बढ्ने सम्भावनाहरू जीवन्त रहन्छ । प्रस्तुत क्रियाकलापको अत्यधिकताले निश्चितरूपमा न्याय प्राप्तिको सम्भावना न्यून रहन्छ । परिणामत: राज्यका प्रमुख तीन अभिन्न अङ्ग व्यवस्थापिका, कार्यपालिका एवम् न्यायपालिका बिचमा असम्जस्यपूर्ण व्यवहार कायम रहन गई शक्ति पृथकिकरणको सामान्य सिद्धान्तमा समेत गतिरोध उत्पन्न हुन जानेछ अवस्था तयार हुनेछ । यस प्रकारको व्यवहारको विकासलाई लोकतन्त्र र सहज न्याय प्राप्तिको क्षेत्रमा पक्कै पनि शुभ संकेत मान्न सकिँदैन ।

जसको मूलभूत सिद्धान्त भनेको निश्चितरूपमा राज्यमा अवस्थित एक संवैधानिक निकायले अर्को संवैधानिक निकायको कार्यक्षेत्रमा हस्तक्षेप खडा नगर्ने भन्ने सैद्धान्तिक पृष्ठभूमीको मूल्यमान्यतालाई शिरोधार्य गर्दै लोकतान्त्रिक राज्य व्यवस्थाको विकासमा सहजीकरणको अवस्था तयार पार्नु हो । जसका लागि स्वतन्त्र निर्वाचनजन्य गतिविधिको माध्यमबाट मुलुकको सर्वोच्च निकाय व्यवस्थापिका संसदमा नागरिक समाजको उल्लेख्यनीय प्रतिनिधित्व कायम रहने गरी जनप्रतिनिधिहरूको चयन गर्ने लोकतान्त्रिक पद्धतिको सबैभन्दा राम्रो पक्ष हो । तत्पश्चात मुलुक एवम् नागरिक हितको खातिर आवश्यकताको सिद्धान्तअनुसार समय, काल परिस्थितिअनुसार आवश्यक मात्रामा कानून, नीति-निर्माण, सुधार, संशोधनलगायतका कार्यहरू गरी कार्यकारिणी प्रमुखको हैसियतले कार्यान्वयन प्रक्रिया अगाडि बढाउने विश्व प्रचलित लोकतान्त्रिक राज्य व्यवस्थाको मूल्य मान्यतालाई नेपालले पनि अनुशरण गर्दै कार्यान्वयनको गतिशिलतालाई क्रमबद्धरूपमा अगाडि बढाउने प्रयास गर्दै आएको छ । उपरोक्त पृष्ठभूमीको आधारमा राज्यपक्ष, नागरिक समाज वा अन्य कुनै व्यक्ति, जातजाति वा समुदाय विशेषलाई कुनै पनि कारणले अन्याय पर्न गएको रहेछ, भन्ने लागेमा निराकरणका लागि न्यायको ढोका सधैँ नै खुला रहने संवैधानिक व्यवस्था मुलुकको गणतान्त्रिक संविधान २०७२ ले आत्मसाथ गरेको वर्तमान अवस्था हो ।

यसका अतिरिक्त कुनै पनि समूहमा अन्याय पर्न आए न्यायको प्रत्याभूति निश्चितरूपले न्यायपालिकाले प्रदान गर्नेछ, भन्ने नागरिक समाजको चाहना र अभिलाषा रहेको पाइन्छ । उक्त नागरिक समाजको चाहनाअनुसारको न्याय सम्पादन गर्ने कार्य न्यायलयमा आबद्ध रहेका न्यायमूर्तिहरूको नै हो । जसमा अन्य कुनै पक्षबाट अवरोध खडा गर्नु भनेको सम्मानित न्यायालयको अपमान गर्नु सरहको अवस्था होभन्दा त्यति अत्यूक्ति नहोला ।

*राज्यका तीनै अङ्गलाई विवादरहित ढंगले स्वतन्त्रपूर्वक कार्य गर्ने वातावरण तयार गर्नु आजको आवश्यकता हो । उपरोक्त अवस्थाको विकास नै अब्बल लोकतान्त्रिक व्यवहारको उच्चतम गतिसमेत हो भन्दा फरक नपर्ला । जहाँ प्रत्येक नागरिकले राज्यको सम्प्रभू नागरिक हुनुको आत्मगौरव गर्दै निष्पक्ष न्याय प्राप्तिको चाहना सही अर्थमा परिपूर्ण भएको महसुस गर्नेछन् ।*

प्रस्तुत तथ्यगत अवधारणालाई मनन गर्दै त्यस क्षेत्रसँग सरोकार राख्ने न्यायमूर्ती, अधिवक्ता, अभिकर्ता वा अन्य समुदाय विशेषले न्याय सम्पादनको कार्यमा सहयोग पुऱ्याउने छन् भन्ने विश्वास लिन सकिन्छ । जसबाट सरल छिटो र निष्पक्ष न्यायसम्पादन हुने कुरामा हामी कसैको पनि दुईमत हुन सक्दैन । न्याय प्रदान गर्ने कार्य अत्यन्त जटिल-संवेदनशिलताले भरिपूर्ण कार्य हो ।

प्राप्त प्रमाण, साँक्षी एवम् दस्तावेजका आधारमा त्यस क्षेत्रका दक्षविज्ञको अनुभव तथा न्यायिक सैद्धान्तिक धरातलको पृष्ठभूमीलाई आधार मान्दै न्यायप्रदान गर्ने सिलसिलामा न्यायालयभित्र के, कस्तो प्रकारको व्यवस्थापन गर्ने भन्ने कुरामा अन्य कुनै पक्षले प्रश्न उठाउनु त्यति शोभनीय कार्य होइन । उक्त विषय स्वतन्त्र न्यायपालिकाभित्रको अधिकार क्षेत्रको वस्तुवस्तु हो भन्ने तथ्यलाई हेक्का राखी कार्य गर्नु न्यायपालिकाको गरिमा विस्तार गर्नु हो । जसले यस क्षेत्रमा उल्लेख्य सकारात्मक नतिजा हासिल हुने देखिन्छ ।

विपरित अवस्था तयार भए द्विविधायूक्त वातावरण खडा भई निष्पक्ष न्यायसम्पादनमा गतिरोध उत्पन्न हुने देखिन्छ । राज्यसँग अन्तरनिहित विषयको न्यायिक समस्या समाधान हेतु गरिएका न्यायिक निर्णयले कहिलेकाहीँ अल्पकालिन अवस्थामा कुनै व्यक्ति वा समुदाय विषेशलाई तात्विक असर नपरेता पनि दीर्घकालिन अवस्थामा त्यसबाट प्राप्त खराब परिसूचकको परिणामले अन्तत: नागरिक समाजलाई नै असहजता उत्पन्न गराउने हुँदा नागरिक हितकारी कार्य गर्न सदैव न्यायिक क्षेत्र लाग्नुपर्ने हुन्छ ।

यसका अतिरिक्त व्यक्तिगतरूपमा कुनै आपराधिक पृष्ठभूमी भएको व्यक्ति वा समूह विशेषले आफू अनुकुलको न्यायिक व्यवस्थापन नभएको अवस्थाबाट गरीएको न्यायिक कार्य आफू वा आफ्नो समूहलाई मान्य नरहने भन्ने बखेडा खडा गर्दै विरोधको स्थिती तयार गरे नागरिक समाजमा कस्तो न्यायिक स्वतन्त्रताको सन्देश प्रवाह रहला भन्ने यक्ष प्रश्नले मूर्तरूप धारण गर्ने देखिन्छ । यस प्रकारको व्यवहार न्यायिक क्षेत्रलगायत राज्यका अन्य क्षेत्रमा हाबि हुने हो भने, हाम्रा कानूनी मूल्य मान्यता, न्यायिक क्षेत्रका अतिरिक्त राज्य व्यवस्थाका अन्य क्षेत्रमा पर्ने ऋणात्मक असरलाई ध्यानमा राखी कार्य गर्नुपर्ने हुन्छ । लोकतन्त्रको नाममा मौलाउँदै गएको गैह्रलोकतान्त्रिक व्यवहारलाई हामीले समयमा नै चिन्ह सकेनौ भने न्यायिक जनविश्वास गुम्न जाने देखिन्छ । प्रस्तुत नकारात्मक प्रभावबाट न्याय क्षेत्रलाई अलग राख्दै साख उचो बनाउन सर्वपक्षीय सहयोगको सदैव खाँचो रहन्छ ।

यसका बाबजुद पनि सहजै न्यायको अनुभूति र प्रतिस्थापन हुन नसक्ने अवस्था प्रारम्भ भए न्यायिक द्वन्द्वको शुभारम्भ हुने कुरालाई सहजै नजरअन्दाज गर्न मिल्दैन । प्रस्तुत अवस्थाको विकास हुनु भनेको प्राप्त लोकतन्त्रको उपहास गर्नु सरहको अवस्था हो । किनभने, आफ्नो हकको उपभोग गर्दा अर्को समूहको अधिकारलाई कुण्ठित पार्ने चाहनाले मात्र पनि स्वच्छ न्यायिक सम्पादन प्रक्रियामा जटिलता उत्पन्न गराउने छ । तसर्थ, कुनै पनि पक्षले जटिलता उत्पन्न गर्ने, गराउने कार्यमा सहयोगीको भूमिका निर्वाह नगरौं ।

अन्य क्षेत्रमा जस्तै अपवाद भन्ने कुरा न्याय सम्पादनको क्षेत्रमा पनि नहोला भन्न सकिँदैन जसका कारण मानवीय भुल, कानूनी त्रुटि वा अन्य कुनै भैपरी कारणले गर्दा जित्नुपर्ने समूहले हार्ने वा हार्ने समूहले जित्ने अवस्था पैदा भए थप कानूनी उपचारको व्यवस्थासमेत भएको हुँदा निष्पक्ष न्यायको क्षेत्रमा कुनै पनि पक्षले प्रश्न उठाउनु राम्रो मान्न सकिँदैन । तसर्थ, यस क्षेत्रसँग जानकार सबैपक्षले धैर्यधारण गर्नु न्यायिक गरिमाको अभिवृद्धि हो । जसरी प्राप्त जीतलाई हर्षविभोर हुँदै एक आपसमा साटासाट गर्न सकिन्छ । त्यसरी नै हारलाई पनि सहज परिणामको रूपमा मान्ने संस्कृतीको विकासले हाल देखिएको अधिकांश समस्याहरू क्रमबद्धरूपमा हल भएर जानुको साथै परिणामजनक न्याय प्राप्तिको अनुभूति सर्वपक्षीय कायम रहनेछ । जसले गर्दा स्वतन्त्र न्यायपालिको विकासको सम्भावना बढ्न जानेछ ।

न्यायिक लोकतन्त्रको यथार्थपरक चाहना राख्ने हो भने राज्यका तिनै अङ्गलाई विवादरहित ढंगले स्वतन्त्रपूर्वक कार्य गर्ने वातावरण तयार गर्नु आजको आवश्यकता हो । उपरोक्त अवस्थाको विकास नै अब्बल लोकतान्त्रिक व्यवहारको उच्चतम गतिसमेत हो भन्दा फरक नर्पला । जहाँ प्रत्येक नागरिक समाजले स्वतन्त्र राज्यको सम्प्रभू नागरिक हुनुको आत्मगौरव गर्दै निष्पक्ष न्याय प्राप्तिको चाहना सही अर्थमा परिपूर्ण भएको महसुस गर्नेछन् । यस प्रकारका क्रियाकलापको विकासले हरेक नागरिक समाजलाई न्यायिक स्वतन्त्रता प्राप्त हुनुको साथै, उन्नत नागरिक समाजको चाहना पूरा हुने अवस्था तयार भएको मान्न सकिनेछ ।

## सामाजिक सञ्जाल



- शरदराज पाठक

गुण्डा, ठग, बदमास राजनीतिमा आउने । ठगेर, लुटेर कमाएको अवैध पैसाले भ्रम छरेर, चुनाव जितेर वा नेताको पकेट भरेर सांसद मन्त्रीसम्म बन्ने । तिनै फटाहाबाट लुटिएकाहरू संसद् भवन छिर्दा मुद्दा लाग्ने, आसपास क्षेत्रमा सडक पेटीमा सर्वसाधारणलाई हिँड्नसमेत निषेधाज्ञा लाग्ने । वाह 'अग्रगमन' !



- समा थापा

सुरक्षा चुस्त बनाउने ढंग छैन, विदेशी आए सर्वसाधारणलाई बाटो छेक्ने, संसदमा मानिस छिरे सर्वसाधारणलाई बाटोमा छेक्ने, ठूला नेता हिँड्दा हामीलाई नै छेक्ने ! मान्छे निषेध गरेर मात्र मजबुत हुने सुरक्षा दिन त्यतिका स्रोत साधन किन चाहियो ? बेलैमा काममा पुग्न नपर्नेलाई के थाहा यस्तो छेकाइको पीडा ?



- बिमल पौडेल

दुनियाँलाई उल्लु बनाएर मागेको पैसाले मोज गर्दा धुर्मुस-सुन्तलीलाई रुँदै हिँड्ने बनायो, कृष्ण कँडेललाई अदालत पुऱ्यायो । दुनियाँलाई उल्लु बनाएर मर्मत केन्द्र चलाएको व्यापारीको पालो पनि आइहाल्छ । विद्यालय, अस्पताल, बृद्धबृद्धा र अपाङ्गको लागि बाहेक पैसा उठाउने सबै धन्दा लुट हुन् ।



- विष्णु ढकाल

झुट भ्रमको खेती गरेर वैभव कमाउन तल्लीन नेताहरूको बाटो साँघुरिदै जानु स्वाभाविकै हो ! धेरै कुरा लुकाउन खोज्दा लुकाउने ठाउँ साँगुरिदै जान्छ सत्य यहीँ हो ! लुट तस्करी भ्रष्टाचारको सहारामा सत्ता चलाउँदै जाँदा अर्को सत्य न्याय र राष्ट्रहितका पक्षपाती बलियो हुँदै जाने कुरा हेक्का रहँदैन यिनलाई !

## तपाईको राशिफल

- मेष : पुरानो कार्यहरूको रुकावट समाप्त हुनेछ । वाणी संयम् राख्न जरुरी छ ।
- वृष : धेरै भरोसा गर्नु हुँदैन । राजनैतिक क्षेत्रमा सफलता मिल्नेछ ।
- मिथुन : आध्यात्मिक रुचीमा वृद्धि हुनेछ । शान्ति बनिरहनेछ ।
- कर्कट : उधारो धन दिनु हुँदैन । धैर्य राख्नुहोला ।
- सिंह : आर्थिक कार्यमा अनुकूल प्रगति हुनेछ । सन्तान सुख प्राप्त हुनेछ ।
- कन्या : खर्चमाथि नियन्त्रण राख्नुहोला । धार्मिक कार्यमा सहभागिता बढ्नेछ ।
- तुला : सुख सुविधामा वृद्धि तथा नयाँ सम्पर्क बन्नेछ ।
- वृश्चिक : बाहन सावधानी जरुरी छ । राजनीतिक कार्य सफल हुनेछ ।
- धनु : नयाँ काम बन्नेछ । बाहिरी सम्बन्ध राम्रो रहनेछ ।
- मकर : प्रयास सफल हुनेछ । धन आर्जन हुने योग छ ।
- कुम्भ : स्वास्थ्य गडबड हुने योग छ । चिन्तामा वृद्धि हुनेछ ।
- मीन : शिक्षासम्बन्धी कार्यमा रुकावट आउनेछ । अनावश्यक खर्च हुनेछ ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# प्राथमिकतामा पर्नुपर्ने एजेन्डा र दल

विचार



● शान्ति चौधरी

*कतिपय राजनीतिक दल जनतालाई अल्मल्याएर सुशासन र भ्रष्टाचाररहित समाज निर्माणका कुरा गरिरहेको पाइन्छ । लामो समयदेखि भ्रष्टाचार नियन्त्रण र सुशासन प्रत्येक दलको चुनावी एजेन्डा बन्दै आएता पनि कार्यान्वयनको पाटो अत्यन्त फितलो छ । मुलुकमा देखिएको दण्डहीनता, विकृति र विसंगतिले भ्रष्टाचारलाई मलजल गरेको छ ।*

संघीय संसद्लाई गतिशील तुल्याउने र बिजनेस दिने प्रमुख जिम्मेवारी सरकारको हो । तर यहाँ प्रतिपक्षले सदन चल्न दिएन भनेर उल्टै आरोप लगाउने चलन छ । प्रतिपक्षको प्रमुख जिम्मेवारी भनेको सरकारका कामको निगरानी गर्ने, सचेत गराउने र सुझाव दिने हो । प्रतिपक्षले असल नियतले दिएका सुझावलाई पनि सरकारले बेवास्ता गरिरहेको देखिन्छ । अहिले पनि सरकार एकपक्षीय ढंगबाट अघि बढेको अनुभव भइरहेको छ ।

मुलुकको सन्तुलित विकासका लागि तर्जुमा गर्नुपर्ने बजेटसमेत अर्थमन्त्री र अरु प्रभावशाली मन्त्री, सांसदका जिल्ला र निर्वाचन क्षेत्रमा खन्याउने प्रवृत्ति छ । देशको समन्यायिक विकासमा कसैको पनि ध्यान देखिन्न । बजेट केवल आफ्नो निर्वाचन क्षेत्रमा मात्र केन्द्रित गर्नु भनेको राज्यकोषको दुरूपयोग पनि हो । आज अर्थमन्त्री र अरु केहीले बजेट खन्याएजस्तै अन्यले पनि गर्न खोजे के होला ? प्रश्न छ ।

सांसदको मुख्य जिम्मेवारी कानुन निर्माण भए पनि समाजको बुझाइ बेग्लै छ । चुनावका बेला जनतासँग गरिएको विकास निर्माणका प्रतिबद्धता पूरा गर्नुपर्ने हाम्रो बाध्यता छ । त्यसबेला योजना देखाएर त्यो पूरा गर्न पहल गर्छु भनी बचन दिइयो । अहिले निर्वाचन क्षेत्रका पूर्वाधार विकास र कानुन निर्माणको जिम्मेवारीलाई सँगसँगै लैजानुपर्ने बाध्यता छ । कानुन निर्माणको मुख्य जिम्मेवारी भए पनि हालसम्म कुनै मतदाताले तपाइँले कानुन कतिवटा बनाउनुभयो भनी प्रश्न गरेका छैनन् । बरु जिल्ला र निर्वाचन क्षेत्र विकासबारे सदनमा कति कुरा राख्नुभयो भनि थुप्रै मतदाताले जिज्ञासा राख्छन् ।

देशका प्रमुख तीन राजनीतिक दल नेपाली कांग्रेस, नेकपा ((एमाले) र नेकपा (माओवादी केन्द्र) कै पहलमा ठूला राजनीतिक परिवर्तन भए । उपलब्धिका रूपमा नयाँ संविधान जारी, गणतन्त्र स्थापना, धर्मनिरपेक्ष, संघीयता, समानुपातिक र समावेशिताजस्ता नयाँ विषयवस्तु प्राप्ती भयो । प्राप्त यी उपलब्धिलाई संस्थागत गर्न प्रमुख शक्तिबीच एक पटक पुनः न्यूनतम साझा सहमति हुनुपर्छ । नेतृत्व तहमा त्यसका लागि परामर्श र छलफल निरन्तर गरिनुपर्छ ।


कतिपय राजनीतिक दल जनतालाई अल्मल्याएर सुशासन र भ्रष्टाचाररहित समाज निर्माणका कुरा गरिरहेको पाइन्छ । लामो समयदेखि भ्रष्टाचार नियन्त्रण र सुशासन प्रत्येक दलको चुनावी एजेण्डा बन्दै आए तापनि कार्यान्वयनको पाटो अत्यन्त फितलो छ । मुलुकमा देखिएको दण्डहीनता, विकृति र विसंगतिले भ्रष्टाचारलाई मलजल गरेको छ । भ्रष्टाचारको अवस्था हेर्दा नीति नियम नै बनाएर प्राथमिकतामा राखिएको होकीजस्तो भान हुन्छ । नीतिगत भ्रष्टाचार यहाँ निकै डरलाग्दो देखिन्छ । यो लामो समयदेखिकै रोग हो । धेरै पटक सरकारमा जाने व्यक्ति कुनै न कुनै भ्रष्टाचारको काण्डमा मुछिएको देखिन्छ । भ्रष्टाचारमा संलग्न जो कोहीलाई पनि कानुनी कारबाहीको दायरामा ल्याउनुपर्छ । वर्तमान सरकारले त्यसका लागि केही कदम चालेको जस्तो देखिएको छ । अनुसन्धानमा पार्टीका आफ्नै मानिस पर्ने देखेर होकी कार्यान्वयनमा दृढता देखिन्न । साँच्चिकै भ्रष्टाचार अन्त्य र सुशासन प्रबर्द्धन गर्ने हो भने जुनसुकै नेता होस् वा जुनसुकै ओहदामा रहेको कर्मचारी नै किन नहोस् दण्डित गर्नुपर्छ ।

आज युवाको विदेश पलायन सबैभन्दा ठूलो समस्या बनेको छ । यसलाई रोक्न सरकारले विशेष ध्यान पुऱ्याउनुपर्छ । राजनीतिक नेतृत्व तह र उच्च प्रशासकमा बोल्ने र गर्ने व्यवहार फरक छ । स्वदेशमा रोजगारी नभएपछि घरपरिवार पाल्न आर्थिक कमाइका लागि धेरै नेपाली दाजुभाइ र पछिल्लो समय दिदीबहिनीसमेत विदेश जानु परेको छ । यहाँको कमाइले घरपरिवार धान्न नसकेर उनीहरु बाध्य भएर विदेश जानुपरेको हो । पार्टीका नेता र उच्च प्रशासककै सन्तानले पनि नेपाल छाडेका छन् । उनीहरु विदेशमा छन् । हरेक हिसाबले पहिले र अहिलेको अवस्था फरक छ । राज्यले जनतालाई रोजीरोटी, स्वास्थ्य, शिक्षाजस्ता आधारभूत विषयमा ध्यान पुऱ्याएमा मुलुकका होनाहार श्रम शक्ति बाहिर जाँदैन थिए । जनतामा पनि छोटो समयमै धनी हुने महत्वाकांक्षाले पनि विदेश पलायनलाई मलजल गरेको छ ।

तर, अहिले देशको अर्थतन्त्र विदेशमा जाने युवाले थेगेका हुन् । युवा रोजगारीमा विदेश गएका थिएनन् भने अर्थतन्त्र निकै चौपट भइसक्थ्यो । सहरमा बस्ने र गाउँमा बस्ने मानिसको आर्थिक अवस्था, आवश्यकता र क्षमता फरक छ । सहरमा रहने विदेश जाने, गाउँका मानिस सहर पस्ने एउटा स्वभाविक प्रक्रिया पनि हो । पढाइपछि रोजगारी नपाएर र घरपरिवार चलाउन बाध्य भएर थप अध्ययन र कामका लागि विदेश जानेको संख्या ह्वात्तै बढेको छ । राज्यले युवालाई रोजगारी दिलाउन र रोजगार बनाउन उद्योगधन्दा, कलकारखाना र विकासका आयोजना फटाफट अघि बढाउनुपर्छ ।

# विद्युत सेवा अवरुद्ध हुँदा रौतहटका पाँच पालिका प्रभावित

सत्येन्द्र प्रताप सिंह/मध्यान्ह
रौतहट, १६ फागुन



रौतहटका पाँच वटा पालिकामा विद्युत सेवा अवरुद्ध हुँदा कामकाज प्रभावित बनेको छ। नेपाल विद्युत प्राधिकरण मौलापुर शाखाले मंगलबार एक सूचना जारी गर्दै हर्साहा सबस्टेसनमा मर्मतको काम हुने भएकाले बिहान ११ बजे देखि दिउँसो २ बजेसम्म विद्युत अवरुद्ध हुने जानकारी दिएको थियो। तर सूचना विपरीत मंगलबार बिहान ११ बजे काटिएको विद्युत बुधबार दिउँसोसम्म नआउँदा समस्या भएको हो। विद्युत अवरुद्ध हुँदा पालिकाको सेवा प्रभावित बनेको कर्मचारीहरुले बताएका छन्। स्थानीय कटहरिया, फतुवा विजयपुर, मौलापुर, देवाही गोनाही र बौधिमाई नगरपालिकामा मंगलबार बिहान ११ बजेदेखि विद्युत लाइन अवरुद्ध भएको छ। विद्युत अभावमा चार वटा एफएम रेडियोको प्रसारण बन्द भएको छ भने मिलसमेत सञ्चालन हुन सकेको छैन। नेपाल विद्युत प्राधिकरण मौलापुर शाखा प्रमुख दिनेश यादवले चन्द्रनिगाहपुर शाखाबाट प्रसारण हुने विद्युत आपूर्ति सदरमुकाम गौरसम्म सञ्चालनमा रहेको छ तर हर्साहा सबस्टेसनको मर्मत काम नसकिएको बताए। रौतहटदेखि मलंगवासम्मको मिस्त्रीहरु मर्मतमा लागि रहेकाले चाँडै विद्युत आपूर्ति शुरु हुने प्राधिकरणले जनाएको छ।


## कतारमा रोजगारको अवसर | कम्पनी: EURO MEDIA COMPANY WLL, शहर: DOHA

पूर्व स्वीकृत मिति: २०८०/०२/३१ चलानी नं.: ६०२०३१०७ LT. No.:287785 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ६५३२२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Design Technician | 2 | 0 | | 2200 | ७९८३८ | | | | | | | |
| 3. | Technician | 2 | 0 | | 2000 | ७२५८० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा मिति २०८० फागुन २४ गते (7 March 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Luna HR Solutions Pvt. Ltd.**
3. Seal Quotation must be submitted E-Submission only to the Naraharinath Rural Municipality office through before 2080/12/02 12:00 PM Documents received after this deadline shall not be accepted.
4. Quotation will be opened in the presence of Fabricator' representatives who choose to attend at Office of the Rural Municipal executive Kumalgaun on 2080/12/02,1:00 PM . Quotation must be valid for a period of 15 days after quotation opening and must be accompanied by bid security, amounting to a NRs 50,000 which shall be valid for 45 days beyond the bid validity period.
5. If bidder wishes to submit the Bid Security in the form of cash, bidder has to deposit cash in Deposit Account No. Deposit Account No. 0726001574672096 ,Naraharinath Rural Municipality office on Name of Bank Agricultural Development Bank Ltd. and submit bank deposit voucher along with the bid.and submit bank deposit voucher along with the bid.
6. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered as the last day.
7. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
8. Matters not covered in this tender notice shall be in accordance with public procurement act, 2063 and public procurement regulations, 2064 and other prevailing rules and regulations of Nepal.

| Contract Id | Description of Work | Estimated Amount, NRs (Including VAT) | Bid Security Amount (Rs.) | Bid Document Fee(Rs.) | Date of Opening |
|---|---|---|---|---|---|
| NNRM/SQ/POMAFI/GOODS/03/2080/081 | Procurement of Office Management and Furniture items upto Kumalgaun Rural Municipality office | 1998057.63 | 50,000 | 1000.00 | 2080/12/02 1:00 PM |

## Letter Of Intent (LOI)

**Date of Publication:2080/11/17**

This is to notify (as per Section 27(2) of Public Procurement Act 2063) to all Concerned bidders that, we are going to award following contract as per Published on Madhyanha National Daily dated on 2080/09/01,to following bidders selected on substantially responsive lowest evaluated bid fulfilling thequalification criterion:

| Contract Id No. | Name of Project | Substantially responsive lowest evaluated bidder | Bid Amount including VAT (NRs) |
|---|---|---|---|
| NNRM/NCB/BPTURTRW/06/2080/081 | Bishwokuna Pipalruk Thadumandu Uchhab to Ramaroshan Tourism Road | M/S Kaushik Nandamata JV Magalsena 5, Achham. | 25936029.06 |

**Chief Administrative Officer**

---


## जापानमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : GOKEI CLOUD COOPERATIVE SOCIETY** **शहर : Japan, Gunma**
**पूर्व स्वीकृत मिति: २०८०/११/१६** चलानी नं.: ६०२१५६०६ **Lt. No.: 300682**

| सि.न. | कामदारको पद | माग संख्या (पुरुष) | मासिक तलब JapaneseYEN | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Rebar Worker | 2 | 160000 | १४०८०० | क. नि. अनुसार | ७ घण्टा | ५ दिन | क.नि अनुसार | छैन | छ | ३ वर्ष |

**कम्पनी : GOKEI CLOUD COOPERATIVE SOCIETY** **शहर : Japan, Gunma**
**पूर्व स्वीकृत मिति: २०८०/११/१६** चलानी नं.: ६०२१५६१७ **Lt. No.: 300680**

| सि.न. | कामदारको पद | माग संख्या (पुरुष) | मासिक तलब JapaneseYEN | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Machining (Milling Machine Operation) | 1 | 162517 | १४३०१४ | क. नि. अनुसार | ७ घण्टा | ५ दिन | क.नि अनुसार | छैन | छ | ३ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा मिति २०८० फागुन २४ गते (7 March 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. ४०,०००/- कामदारले तिर्ने |

**प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभवः**
(क) नेपाली नागरीक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) निर्माण सम्वन्धि कामको निमित्त सम्वन्धित उद्योग, उद्यम वा सम्वन्धित विषयको संस्थामा कम्तिमा दुई वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने। (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

**दरखास्त साथ पेश गनुपर्ने आवश्यक कागजातहरूः**
(क) नेपाली नागरीकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्वन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखीकरण तालिम लिएको सक्कल प्रमाण पत्र । (छ) नेपालमा आफु कार्यरत रहेको सम्वन्धित उद्योग प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि सम्वन्धित उद्योगमा नै काम गर्ने भनी आफु कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्वन्धि कागजको प्रतिलिपि ।

**१) दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति** : स्थान यस प्रालिको कार्यालय, यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र
**२) प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवद्धन खर्च समेतको ) कुल खर्च** : रु ४०,०००/-
**३) प्रशिक्षार्थी छनौट गर्ने तरीका, मिति र स्थान, छनौट तरिका, अन्तर्वार्ता** : प्रा. लि. को कार्यालय, अन्तर्वार्ताको मिति पछि तय गरिनेछ ।
**नोट** : वैदेशिक रोजगार ऐन २०६४ को दफा ९ वमोजिम महिला, दलित, आदिवासी, जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवंम दुर्गम क्षेत्र तथा दैविक प्रकोप पिडित व्यतिलाई नेपाल सरकारले तोके वमोजिमको संख्यामा आरक्षण प्रदान गरिनेछ ।

**बैदेशिक रोजगार विभागवाट गराईएको जानकारी :**
१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोस् । आफुले बुझाएको रकमको भपाई अनिवार्य रुपमा लिनुहोस् ।
२) आफु काम गर्ने जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् ।
३) यस विज्ञापन सुचनामा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोस् ।
४) विदेश जानुअघि अभिमुखीकरण तालीम अनिवार्य लिनुहोस् ।
५) अनिवार्य रुपमा विमा गराउनुहोस् ।
६) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोस् । सोको एक प्रति आफुसँग राख्नुहोस् ।
७) श्रम स्वीकृतिविना वैदेशिक रोजगारीमा नजानुहोस् । वैदेशिक रोजगारमा जाँदा नेपालका एयरपोर्ट प्रयोग गर्नुहोस् । बैदेशिक रोजगारमा कुनै दलालको भनाईमा विश्वास नगर्नुहोस् । इजाजतप्राप्त रोजगार प्रा.लि.मा आफै गई आवश्यक कुरा वुझ्नुहोस् । अन्यथा ठगिने सम्भावना हुन्छ ।
८) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग तीनकुनेमा सम्पर्क राख्नुहोस् ।
९) काम गर्न गएको कम्पनी छाडी वा भागी अन्यत्र नजानुहोस् ।
१०) काम गर्न गएको मुलुकमा कानुन पालना गर्नुहोस् ।
११) करार अवधि सकिएपछि स्वदेश फर्कनुहोस् ।

■ **जापानिज भाषा स्पष्टसँग बोल्न, पढ्न र लेख्न सक्ने हुनु अनिवार्य छ ।**

## क्यापिटल इन्टरनेशनल मेनपावर प्रा. लि.
(श्रम इजाजत नं: ५४३/०६१/०६२)
बसुन्धारा, काठमाडौं, फोन नं.: ४३५९७७२, ४९८४१९०, ४९९४१९१
मोबाइल ९८५१०९९३००, ९८१६७९७९७८, ९८२३८३१६२९, ९८१८३०६३३६, ९८१०२१९३४५
फ्याक्स नं.: ४३८३६२७ , Email: capital2004@yahoo.com

**" Real Happiness Lies in Making Other Happy"**



## ZERO COST RECRUITMENT OPPORTUNITY FOR MALAYSIA!!
## शून्य लागत अन्तर्गत मलेशियामा रोजगारीको अवसर !!

FREE VISA! FREE TICKET! FREE MEDICAL CHECKUP! FREE VISA PROCESSING!
FREE TRANSPORTATION (TWO WAYS FROM HOMETOWN TO KATHMANDU & VICE VERSA FOR INTERVIEW) & (ONE WAY FROM HOMETOWN TO KATHMANDU FOR DEPARTURE) ! FREE LODGING & MEALS (2 DAYS FOR INTERVIEW) & 4 DAYS FOR DEPARTURE)! FREE PASSPORT

निःशुल्क भिसा ! निःशुल्क हवाई टिकट ! निःशुल्क स्वास्थ्य जाँच ! निःशुल्क भिसा प्रक्रिया ! निःशुल्क यातायात (अन्तर्वार्ताको लागि घर देखि काठमाडौं दुई तर्फी आउने जाने) र (उडानको लागि घर देखि काठमाडौं एक तर्फी टिकट) ! निःशुल्क आवास र खाना (२ दिन अन्तर्वातामा आउँदा र ४ दिन उडानको लागि आउँदा) ! निःशुल्क राहदानी!

**१. रोजगारदाता कम्पनी : कोआ डेनको (मलेशिया) एसडिएन विएचडी., ।** **ठेगाना : मेलका**
1. (Employer Company) : KOA DENKO (MALAYSIA) SDN. BHD. Address: Melaka

| पूर्व स्वीकृत मिति: | २०७९/११/०८ | चलानी नं.: | ६०१९६८६२ | एल टि नं.: | २८११७७ | पुनः विज्ञापन |
|---|---|---|---|---|---|---|
| Pre Approval Date: | 2023/02/20 | Invoice No.: | 60196862 | L.T. No.: | 281177 | Re-Advertisement |

| सि.नं S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's पुरुष Male | माग संख्या Required No's महिला Female | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलब Monthly Salary रिङ्गिट MYR | मासिक तलब Monthly Salary ने.रु. NPR | ओभरटाइम सुविधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | बार्षिक बिदा Annual Leave | खाना सुबिधा Food Facility | बस्ने सुबिध Accomodation Facility | करार अबधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufac-turing Sec.) | ८५ 85 | ० 0 | स. काममा दक्ष Experience in related work. | १५०० 1500 | ४१,५८० 41,580 | कम्पनीको नियम अनुसार As per the company rule | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | मलेसिया सरकारको नियम अनुसार As per the Malaysia Govt. rule | छैन NO | रिङ्गिट ५० कामदार को मासिक तलबबाट काटिनेछ RM 50 deduction from monthly wage of worker | दुई वर्ष 2 Years |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहोर्ने र कति लाग्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | बिदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहोर्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले ब्यहोर्ने/कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कस्ले ब्यहोर्ने Who will bear the Visa Cost | भिषा स्टाम्पीङ शुल्क कस्ले ब्यहोर्ने Who will bear the Visa Stamping Cost | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले ब्यहोर्ने How much is the Orientation Cost and who will bear it | कल्याणकारी कोष सम्बन्धी ब्यवस्था Management of Workers Welfare Fund | सेवा शुल्क कति लाग्ने र कस्ले ब्यहोर्ने How much is the Service Fee and who will bear it |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने उमेर १८ देखि ३५: ने.रु.३७०८।- उमेर ३६ देखि ५०: ने.रु.४९३१।- उमेर ५१ देखि ६४: ने.रु.९४६३।- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | ने.रु.७००।- रोजगारदाताले ब्यहोर्ने NPR 700/- By the Employer | ने.रु.१५००।- रोजगारदाताले ब्यहोर्ने NPR 1500/- By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer |

**Note: The above clauses will be applicable only for the applicants who are selected in the interview and get the calling visa.**
**माथिका बुँदाहरु अन्तर्वार्ता मा छनौट भइ भिसा प्रप्त गर्ने आवेदकहरुको लागि मात्रै लागु हुनेछ ।**

**नोट (NOTE):**
आबेदकहरुलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) को प्रयोग बिना सिधा आबेदन गर्न आमन्त्रित गरिएको छ । आबेदक वा आबेदकका परिवारका सदस्यहरुले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन । (Applicants are invited to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment.

**अन्तर्वार्ता ट्रेन्डवे इन्टरनेशनल अफिस, मध्य बानेश्वर, मिलन चोक, काठमाडौंमा २०८० फागुन २४ गतेमा हुनेछ ।**
**Interview will be held at Trendway Int'l office, Mid baneshwor, Milan chowk, Kathmandu on 7 march 2024.**

यदी कोही कसैले यस कम्पनीमा भर्ती हुन कुनै किसिमको प्रलोभन, आर्थिक माग र कुनै अवैभ क्रियाकलाप गर्न/गराउन खोजेमा कृपया हामीलाई निम्न सम्पर्क नम्बर र इमेलमा सम्पर्क गर्नुहुन जानकारी गराईन्छ । हामी तपाईको गोपनियता सुनिश्चित राख्नेछौं ।
If anyone shows any kind of false temptations, financial demands or force to involve into any illigal activity, please contact us on the following contact number and email. We shall maintain your confidentiality.
Helpline (Trendway International) : +977 9869135666 | Email : grievance@trendwayinternational.com

**ट्रेन्डवे इन्टरनेशनल प्रा.लि.को कुनै शाखा तथा मध्यस्तकर्ता छैन ।**
**Trendway International does not have any branch or mediator/sub agent representative.**

Trendway International Pvt Ltd is committed to abide laws and principle guidelines of 'ZERO COST' and 'ETHICAL RECRUITMENT' providing equal opportunities treating fairly with the dignity in transparent way.
ट्रेन्डवे इन्टरनेशनल प्रा.लि.ले "शुन्य लागत" र "नैतीक भर्ती" को कानूनी सिद्धान्त पालना गरी पारदर्शी र मर्यादित रुपमा समान अवसरको सेवा प्रदान गर्नको लागी प्रतिबद्धता व्यक्त गर्दछ ।

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १.आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस्। २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३.यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनु पर्नेछ । ५.विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।
Information provided by the Department of Foreign Employment (DOFE) 1.Confirm that visa is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Buddhanagar.

Beyond Horizon... Trendway International Pvt. Ltd.
License No. 616/063/064
## ट्रेन्डवे इन्टरनेशनल प्रा.लि.
Address: House No.89/21, Bal Bhadra Marg, Milan Chowk, Mid-Baneshwor, Kathmandu, Nepal
ठेगाना: घर नं. ८९/२१, बालभद्र मार्ग, मिलन चोक, मध्यबानेश्वर, काठमाडौं, नेपाल
Contact No. : (+977) 01-4105016, 01-4105017
सम्पर्क नं. : (००९७७) ०१-४१०५०१६, ०१-४१०५०१७
: 9801162555, 9802352444
Hotline Number (हटलाईन नम्बर): 9851301000 (९८५१३०१०००)

# शितगंगा नगरपालिकाले घुम्ती शिविर सञ्चालन गर्दै

**सुर्य प्रसाद भुसाल / मध्यान्ह**
अर्घाखाँची, १६ फागुन




अर्घाखाँचीको शितगंगा नगरपालिकाले नगरपालिकाबाट प्रवाह हुने सम्पूर्ण सेवाहरू घुम्ती शिविरबाट टोल टोलमा प्रदान गर्ने भएको छ । नगरपालिकाबाट खटिएका कर्मचारीको टोलीले नागरिकताको सिफारिस दिने, जन्मदर्ता गराइदिने, मृत्यु दर्ता गराइदिने, आवश्यक सिफारिस र कागजात निर्माण गर्ने जस्ता सेवा दिने गरी शिविर सञ्चालन गर्न लागिएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत अर्जुन सर्माले जानकारी दिए ।

नगरपालिकाबाट पाइने सेवा वडा कार्यालयबाट घुम्ती शिविरमार्फत पाउँदा तथा सेवा आफ्नै टोलमा नै आउने भएपछि आफूहरु अहिले काम लिएर नगरपालिका नगएको र शिविरबाटै सेवा लिने तयारी गरेको शितगंगा-११ का गणेश पुलामीको भनाइ छ । शितगंगा नगरपालिकाले नगरका सबै वडामा एकीकृत घुम्ती सेवा सञ्चालन गरी नागरिकलाई घरदैलोमा नै सेवा दिइने गरी सूचना जारी गरेको नगरपालिकाका योजना अधिकृत नुमलाल खनालले बताए ।

विशेषगरी नगरपालिकाले घुम्ती शिविरमार्फत अपांग परिचय पत्र, डाक्टरहरुबाट बिरामीको स्वास्थ्य जाँच, ज्येष्ठ नागरिक परिचयपत्रको सेवा प्रदान गर्ने भएपछि खुसी लागेको शितगंगा-११ का राजु बिकले बताए ।

नगरपालिकाले नगर सरकार, जनताको घरघर कार्यक्रम अन्तर्गत फागुन महिनाभर कार्यक्रम सञ्चालन गरी सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको विवरण नवीकरण, नयाँ लाभग्राहीको विवरण दर्ता, एकीकृत सम्पत्ति कर, मालपोत सेवा तथा व्यापार व्यवसाय दर्ता र नवीकरण सेवा दिने तयारी गरेर सम्बन्धित सरकारी कार्यालयसँग सहकार्य गरिरहेको प्रमुख प्रशासकीय अधिकृत शर्माले मध्यान्हलाई बताए ।

नगरपालिकाले फागुन २१ गते वडा नम्बर ६ र ७ को शिवादहमा शिविर सञ्चालन गर्ने छ भने फागुन २२ गते वडा नम्बर ८ र ९ को वडा कार्यालय लाहापेमा शिविरमार्फत सेवा दिने नगरपालिकाका योजना अधिकृत खनालले बताए । खनालका अनुसार फागुन २३ गते वडा नम्बर ९, १० र ११ को सिद्वारा हर्रेमा शिविर सञ्चालन गरिने र अरु वडामा पछि मिति तय गरी शिविर सञ्चालन गरिने अधिकृत खनालले बताए ।

जनताको घरदैलोमै सेवा दिँदा वास्तविक विवरण आउने, करको दायरा बढ्ने तथा यसबाट सुशासन कायम हुने नगरपालिकाले अपेक्षा गरेको प्रमुख प्रशासकीय अधिकृत शर्माले बताए । शितगंगा नगरपालिका भौगोलिक हिसाबले नेपालकै सबैभन्दा विकट नगरपालिका हो । नगरपालिकाको एउटा वडाबाट अर्को वडामा जान पैदल हिँड्दा दिनभर समय लाग्ने भएका कारण जनतालाई स्थानीय सरकार छ भन्ने अनुभूति गराउनका लागि शिविर सञ्चालन गर्न लागिएको नगरप्रमुख छबिलाल पौडेलले बताए ।

शितगंगा नगरपालिका पाल्पा, रुपन्देही, कपिलवस्तु, दाङ र प्यूठानसँग जोडिएर बनेको निकै ठूलो भूगोल भएका कारण जनप्रतिनिधिहरु दिनरात विकासका लागि खट्दा समेत बजेट अभाव हुने र सोचेअनुसार विकास गर्न अप्ठ्यारो पर्ने गरेको नगरपालिकाकी उपप्रमुख गिता भाटले बताइन् ।

आयश्रोतको हिसाबले सम्पन्न हुनुपर्ने नगरपालिका संघीय कानून र प्रदेश कानूनले धेरै कुरामा वञ्चित गरेका कारण आन्तरिक राजस्व सोचेजति उठ्न नसकेको नगरपालिकाका प्रवक्ता दामोदर न्यौपानेले बताए ।

## नाम परिवर्तन सम्बन्धी सूचना

दोश्रो पटक प्रकाशित मितिः २०८०/११/१७

यस कम्पनीको मिति २०८०।१०।२६ मा सम्पन्न भएको विशेष साधारण सभाद्धारा यस सार्थक चिसापानी कृषि फार्म प्रा.लि. को नाम परिवर्तन गरी **सार्थक डिजीब्रेन्स प्रा.लि. (प्रा.लि.न.२३०९६२।०७६।०७७)** कायम भई श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८०।११।०६ गतेको निर्णयानुसार स्वीकृति प्रदान गरिएको छ । साथै साविकको नाममा रहेको चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने दायत्वि यसै कम्पनीले सकार्ने व्यहोर्ने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

## नाम परिवर्तन सम्बन्धी सूचना

दोश्रो पटक प्रकाशित मितिः २०८०/११/१७

यस कम्पनीको मिति २०८०।१०।२९ मा सम्पन्न भएको विशेष साधारण सभाद्धारा यस बोर्ड एनिह्वर प्रा.लि. को नाम परिवर्तन गरी **घर दराज प्रा.लि. (प्रा.लि.न.१५९९१३।०७३।०७४)** कायम भई श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८०।११।०६ गतेको निर्णयानुसार स्वीकृति प्रदान गरिएको छ । साथै साविकको नाममा रहेको चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने दायत्वि यसै कम्पनीले सकार्ने व्यहोर्ने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

## महिलाहरूलाई रोजगारको अवसर

**1. Tamkin Business, Oman**

पुर्व स्वीकृती मितिः २०८०/११/१५ | चलानी नं. ६०२१५६०९ | LT No.:300613

| सि.नं. | कामदारको पद | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OM. | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Beautician General | 1 | काममा दक्ष | 170 | ५८,६२१।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ बर्ष |

**2. Tooma Nalis Saloon, Bahrain**

पुनः विज्ञापन । पुर्व स्वीकृती मितिः २०७९/०६/१४ | चलानी नं. ६०१८८५७७ | LT No.: 272667

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD. | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Hair Dresser | 00 | 03 | काममा दक्ष | 150 | ५२,८२०।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ बर्ष |
| २. | Beautician | 00 | 02 | काममा दक्ष | 150 | ५२,८२०।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ बर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००।- कामदार आफैले | रु. ७००।- कामदार आफैले | निःशुल्क |

**अन्तरवार्ता २०८० फागुन २४ गते (7 Mar., 2024) यस प्रा. लि. को कार्यालय घुम्बाराही, काठमाडौंमा हुनेछ ।**

**वैदेशिक रोजगार विभागबाट गराईएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ६) कामका विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Tiger Overseas Employment Services Pvt. Ltd.**
Govt Lic. No: 335/059/060
Kathamandu 4 Prakash marg, Dhumbarahi, Nepal 01-4518997
Email : info@tigeroverseas.com.np, Website: www.tigeroverseas.com.np

# Khaptad Chhededaha Rural Municipality
## Office of The Rural Municipal Executive
**Dogadi, Bajura**
**Sudurpaschim Province, Nepal**

## Invitation for Electronic Bids

**First Date of Publication: 2080/11/17 B.S. (Feb. 29th, 2024 A.D.)**

1. Khaptad Chhededaha Rural Municipality, Office of The Rural Municipal Executive, Dogadi, Bajura invites electronic bids from eligible bidders for following Bids under National Competitive Bidding Procedures. Only eligible bidders should participate in the bidding for the contracts as in the table below. The bid validity period is 90 days from the date of last date of bid submission.

| Contract No. | Description of Work | Cost of Bid Documents | Estimated Amount (NRS.) with P.S.[Excluding VAT & Contingencies] | Minimum Bid Security Amount | Bid Security Validity Period | Last Date of Bid Submission | Last Date of Bid Opening |
|---|---|---|---|---|---|---|---|
| KCRM/NCB/ BCWR/05/2080-81 | Ward No.-05 Office Building Construction Works., Dogadi-5, Bajura | 3,000.00 | 1,71,22,184.69 | 5,00,000.00 | Validity up to 120 days from the last date of bid submission | 2080/12/18 (Mar. 31st, 2024 AD) 12:00 hrs | 2080/12/18 (Mar. 31st, 2024 AD) 13:00 hrs |
| KCRM/NCB/ WR/06/ 2080-81 | Lasakkey to Jayebageswori-Healthpost Road Maintainance, KCRM, Bajura | | 24,73,680.58 | 80,000.00 | | | |

2. Only Electronic Bidding through www.bolpatra.gov.np/egp is permitted and Bid shall be submitted on or before 2080/12/18 (Mar. 31st, 2024) 12:00 Noon for Bid and Bid shall be opened on the same Submission date for Bid at 13:00 Noon at Employer's Office; Khaptad Chhededaha Rural Municipality, Dogadi, Bajura.
3. Eligible Bidders may obtain the further information from Khaptad Chhededaha Rural Municipality, Office of The Rural Municipal Executive, Dogadi, Bajura or may visit PPMO website www.bolpatra.gov.np/egp to download all the bidding documents.
4. Bid Documents Purchase Fee & Bid Security Deposit (Cash/Bid bond) Details:-

| | |
|---|---|
| **Details for Bid Documents Purchase Fee** ***(upload the scanned copy (PDF format) of the bank deposit Voucher.)*** | **Account Name: Rajaswa (Revenue) Khata**<br>**Name of Office: *Khaptad-Chhededaha Rural Municipality Office, Dogadi, Bajura***<br>**Office Code no.: *801076906***<br>**Name of the Bank: *Himalayan Bank Ltd., Chhededaha Branch, Bajura.***<br>**Office Account no.: *06108109220023*** |
| **Details for Bid Security (Cash/Bid bond) Deposit** ***(Submit Bank Deposit Voucher along with a Bid.)*** | **Account Name: Dharauti Khata**<br>**Name of Office: *Khaptad-Chhededaha Rural Municipality Office, Dogadi, Bajura***<br>**Account no.: *06108109220014***<br>**Name of the Bank: *Himalayan Bank Ltd., Chhededaha Branch, Bajura.*** |

5. If the last date of bid submission falls on government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of submission.
6. The Khaptad Chhededaha Rural Municipality, Office of the Rural Municipal Executive, Dogadi, Bajura reserves right to amend and correct in bid documents, bid notice or any other documents at any time in case of any discrepancies or error.
7. Any Condition so far not stated in this Notice will be As per PPA 2063 and PPR 2064 and its Amendments.

**Chief Administrative Officer**

MANJUSHREE FINANCE LIMITED
मञ्जुश्री फाईनान्स लिमिटेड
(नेपाल राष्ट बैक बाट ग बर्गको इजाजतपत्र प्राप्त संस्था)

ॐकार विल्डिङ्ग (दोस्रो तल्ला) नयाँ बानेश्वर, काठमाण्डौँ
जि.पि.ओ. बक्सः २३१७०, काठमाण्डौँ, नेपाल
फोन नं. ९७७-१-४७९२५१७, फ्याक्स : ९७७-१-४७९२५१७
Web: www.manjushreefinance.com.np
Email: info@manjushreefinance.com.np

## धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीका लागि गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको १५ दिने सार्वजनिक सूचना

**प्रकाशित मिति : २०८०/११/१७**

यस वित्तीय संस्थाको शाखा कार्यालय, नारायणगढ, चितवनबाट तपशिल बमोजिमको चल-अचल सम्पत्ति धितो राखि, कर्जा लिने ऋणीले यस संस्थालाई समय समयमा तिर्न बुझाउनु पर्ने साँवा ब्याज लगायतका वित्तीय संस्थाको लेना रकम नबुझाई कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लघंन गर्नु भएको र पटक-पटक मौखिक, लिखित, फोन तथा SMS मार्फत तर-ताकेता गर्दा समेत कर्जाको साँवा ब्याज लगायतका रकम चुक्ता भुक्तानी नगर्नु भएकोले यस अघि राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त कर्जा चुक्ता नभएकाले उपरोक्त सम्पूर्ण ऋण कर्जामा धितोमा रहेका तपशिलमा उल्लेखित चल-अचल सम्पत्ति लिलामका लागि यो सूचना प्रकाशित गरिएको छ । अतः धितो सुरक्षणमा रहेका तपशिलमा उल्लेखित चल-अचल सम्पत्ति हाल जे/जस्तो अवस्थामा छ, सोही अवस्थामा निज ऋणीले यस वित्तीय संस्थालाई लेखिदिएको लिखत, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ तथा प्रचलित ऐन कानुन बमोजिम लिलाम बिक्री गरी निज ऋणीबाट धनी वित्तीय संस्थाले असूल गर्न बाँकी रहेको लेना रकम असुल उपर गर्नुपर्ने भएको हुँदा उक्त धितो सुरक्षणमा रहेको चल-अचल सम्पत्ति हाल जे/जस्तो अवस्थामा छ, सोही अवस्थामा सकार गरी लिन इच्छुक महानुभावहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समय भित्र आई पुग्ने गरि निम्न शर्तहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन आह्वान गरिन्छ । प्राप्त बोलपत्रहरु यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय नयाँ बानेश्वरमा १६ औं दिन वा सो दिन बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन दिउसो १:०० बजे खोलिने हुँदा उक्त दिन सम्बन्धित बोलपत्रदाता वा आधिकारिक प्रतिनिधि तथा सम्बन्धित ऋणी तथा जमानीकर्तालाई उपस्थित हुन समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ । तर सम्बन्धित बोलपत्रदाता वा आधिकारिक प्रतिनिधि, सम्बन्धित ऋणी तथा व्यक्तिगत जमानी कर्ताको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्ने छैन । लिलामी कारवाही प्रकृया यस वित्तीय संस्थाको कर्जा निति अनुसार अगाडी बढाईनेछ । साथै शिलबन्दी बोलपत्रको म्यादभित्र सम्बन्धीत ऋणी तथा सरोकारवालाले सम्पूर्ण बाँकी बक्यौता कर्जा चुक्ता भुक्तान गरेमा भने बोलपत्र स्वतः रद्द हुनेछ ।

**तपशिल**

**१. ऋणीको विवरणहरु**

**कर्जाको प्रकार : व्यवसाय आवधिक कर्जा**

**ऋणीको नाम :** प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, भरतपुर, चितवनमा मिती २०७१/०५/२६ गते प्रा.फ.द.न २६५/०७१/०७२ मा दर्ता भएको, स्थाई लेखा नं. ६०२५३१३७१ भई चितवन जिल्ला जुटपानि गा.वि.स. वडा नं. ०४ स्थित रजिष्टर्ड कार्यालय रहेको **श्री न्यू श्रेष्ठ मोबाईल तथा इलेक्ट्रोनिक्स सेन्टर ।**
**(प्रोप्राइटर : नारायण श्रेष्ठ)**

**व्यक्तिगत जमानी दिनेहरुको विवरण**

| **प्रोप्राइटर/व्यक्तिगत जमानिकर्ता : नारायण श्रेष्ठ** | **व्यक्तिगत जमानिकर्ता : रिता श्रेष्ठ** |
|---|---|
| बाबु : सूर्य कुमार श्रेष्ठ<br>बाजे : मकर लाल श्रेष्ठ<br>ना.प्र.नं. : ३५/६३८/०४४<br>जारी मिति : २०६१/०५/१०, जि.प्र.का : चितवन<br>ठेगाना : चितवन जिल्ला, साविक जुटपानी गा.वि.स. वडा नं ०४ ।<br>हाल : चितवन जिल्ला, कालिका न.पा. वडा नं. ०७ । | बाबु : नोट लाल श्रेष्ठ<br>पति : नारायण श्रेष्ठ<br>ना.प्र.नं : २६-१०-७३-००००८<br>जारी मिति : २०७३/०५/२९, जि.प्र.का : धादिङ<br>ठेगाना : धादिङ जिल्ला, धुषा गा.वि.स वडा नं. ०२, को परिवर्तित धादिङ जिल्ला, बेनिघाट रोराङ्ग गा.पा.वडा नं. ०७ ।<br>हाल : चितवन जिल्ला, कालिका न.पा. वडा नं. ०७ । |

**धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरण**

१) श्री नारायण श्रेष्ठको नाममा मा.पो.का., चितवनमा दर्ता कायम रहेको चितवन जिल्ला, पदमपुर गा.वि.स/न.पा. वडा नं. ०९, नक्सा सिट नं. ९ख स्थित कि.नं. ८४१ को क्षेत्रफल ०-०-०-० (१०१५.८९ व.मी) को जग्गा तथा सो ले चर्चेको लिगलगापात समेत ।
२) श्री नारायण श्रेष्ठको नाममा मा.पो.का., चितवनमा दर्ता कायम रहेको चितवन जिल्ला, जुटपानी गा.वि.स./न.पा. वडा नं. ०४, नक्सा सिट नं. ४क स्थित कि.नं. १४५०, १४५१, ३१२० र ३११७ को क्षेत्रफल क्रमश ०-०-५.२५-० (८८.८८ व.मी.), ०-०-१०.५-० (१७७.७७ व.मी), ०-०-०-० (८४३.५४ व.मी) र ०-०-०-० (१७२.३५ व.मी.), को जग्गा तथा सो ले चर्चेको लिगलगापात समेत ।

**२. ऋणीको विवरणहरु**

**कर्जाको प्रकार : व्यवसाय आवधिक कर्जा**

**ऋणीको नाम :** प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धी ऐन, २०७६ बमोजिम प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, भरतपुर, चितवनमा मिति २०७७/१२/३० गते प्रा.फ.र.नं. १८६०/२०७७/७८ मा दर्ता भएको, स्थाई लेखा नं. ६१५७९९६२५ भई चितवन जिल्ला कालिका न.पा. वडा नं. ०६ स्थित रजिष्टर्ड कार्यालय रहेको **श्री कृषा किराना तथा फलफुल पसल ।**
**(प्रोप्राइटर : इन्द्र बहादुर राना)**

**व्यक्तिगत जमानी दिनेहरुको विवरण**

| **प्रोप्राइटर/व्यक्तिगत जमानिकर्ता : इन्द्र बहादुर राना** | **व्यक्तिगत जमानिकर्ता : कमला राना मगर** |
|---|---|
| बाबु : भक्त बहादुर राना मगर<br>बाजे : मान बहादुर राना मगर<br>ना.प्र.नं. : ३८५६, जारी मिति : २०५६/११/२३<br>(प्रथम प्रतिलिपी : २०६४/०३/३२)<br>जि.प्र.का. : चितवन<br>ठेगाना : चितवन जिल्ला, साविक जुटपानी गा.वि.स. वडा नं ०४ ।<br>हाल : चितवन जिल्ला, कालिका न.पा. वडा नं. ०६ । | बाबु : कृष्ण बहादुर मगर<br>पति : इन्द्र बहादुर राना<br>ना.प्र.नं. : ८८२१/०६२<br>जारी मिति : २०६२/०९/०४<br>जि.प्र.का. : चितवन<br>ठेगाना : चितवन जिल्ला, साविक जुटपानी गा.वि.स. वडा नं ०६ ।<br>हाल : चितवन जिल्ला, कालिका न.पा. वडा नं. ०६ । |

**धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरण**

श्री इन्द्र बहादुर रानाको नाममा मा.पो.का., भरतपुर, चितवनमा दर्ता कायम रहेको चितवन जिल्ला, जुटपानी गा.वि.स/न.पा. वडा नं. ०६, स्थित कि.नं. ३४० को क्षेत्रफल ०-१-० को जग्गा तथा सो ले चर्चेको लिगलगापात समेत ।

**शर्तहरूः**

१. बोलपत्र फाराम यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय, नयाँ बानेश्वरबाट तथा शाखा कार्यालयहरुबाट रु. १००।- तिरी खरिद गर्न सकिनेछ । फोटोकपी गरिएको फाराम मान्य हुने छैन ।
२. प्राप्त बोलपत्र फाराममा कुनै प्राविधिक तथा अन्य समस्या देखिएमा यस वित्तीय संस्थाको निणर्य अन्तिम हुनेछ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पत्ति लिलाम हुन नसकेमा उक्त सम्पत्तिको स्वामित्व वित्तीय संस्थाले लिन सक्ने छ ।
३. गोप्य शिलबन्दी फाराम यो सूचना प्रकाशित भएको मितिले १५औं दिन (सो दिन बिदा परेमा त्यस लगतै कार्यालय खुलेको दिन) वित्तीय संस्थाको केन्द्रीय कार्यालय, नयाँ बानेश्वरमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ । प्राप्त बोलपत्रहरु यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय, नयाँ बानेश्वरमा उपरोक्त बमोजिम प्राप्त भएको अन्तिम मितिको भोलिपल्ट वा सो दिन बिदा परेमा त्यस लगतै कार्यालय खुलेको दिन खोलिनेछ ।
४. यस सम्बन्धमा अन्य कुनै कुरा बुझ्नु परेमा वित्तीय संस्थाको केन्द्रीय कार्यालय, नयाँ बानेश्वरमा सम्पर्क राख्न सकिने छ । लिलाम बिक्री सम्बन्धी विस्तृत शर्तहरु बोलपत्र आवेदन फारममा उल्लेख गरिनेछ ।

**लिलामीका लागि शिलबन्दी बोलपत्र खोलिने स्थान, समय र मिति :**
मञ्जुश्री फाईनान्स लिमिटेड, केन्द्रीय कार्यालय, नयाँ बानेश्वर, काठमाडौं ।
**समय :** दिउसो १:०० बजे, **मिति :** २०८०/१२/०२ ।

# विकासको प्रतिफल दिन सक्ने शिक्षा आजको आवश्यकता : ओली

**तेज बन/मध्यान्ह**
इटहरी, १६ फागुन

सुनसरीको इटहरीस्थित कचना बुढीगंगा महादेव विद्यालय विवादकाबीच बुधबार उद्घाटन गरिएको छ ।

नेकपा एमाले अध्यक्ष तथा पूर्व प्रधानमन्त्री केपी शर्मा ओलीले विद्यालयको उद्घाटन गरेका हुन् ।

उद्घाटन समारोहलाई सम्बोधन गर्दै उनले अहिलेको शिक्षा उपयोगी, बहुआयमिक र गुणस्तरीय हुनुपर्ने बताए ।

कार्यक्रमका प्रमुख अतिथि समेत रहेका पूर्वप्रधानमन्त्री ओलीले भवन मात्र चिटिक्क भएर काम नलाग्ने उल्लेख गर्दै पढाउने शिक्षक, कर्मचारी र विद्यार्थीहरू पनि त्यतिकै अब्बल हुनुपर्ने बताए ।



उनले नेपालको धेरै जिल्लामा राम्रो विद्यालय भएर पनि परीक्षामा नतिजा राम्रो नल्याएको र जहाँ भवन नै नभएर चौरीमा मात्र पढाइ भएको छ, त्यहाँको विद्यालयको नतिजा उत्कृष्ट भएको उदाहरण प्रस्तुत गरे । विकासको प्रतिफल दिन सक्ने खालको शिक्षा आजको आवश्यकता रहेको उनले बताए ।

'गुणस्तरीय शिक्षाले समाजमा एक कुशल नेतृत्व जन्माउँछ र कुशल नेतृत्वले सिंगो देश बनाउँछ' उनले भने ।

अहिलेको समय विज्ञान र कम्प्युटरको रहेको कारण अबको शिक्षा वैज्ञानिक, प्रविधियुक्त हुनुपर्नेमा अध्यक्ष ओलीले जोड दिए । आफूले सरकारको नेतृत्व गरिरहँदा आएको तथा ल्याइएको योजना मध्येकै एक यस विद्यालय रहेको बताउँदै अध्यक्ष ओलीले अहिले मावि रहेपनि यसको स्तरोन्नतिका लागि पुनः सक्दो सहयोग गर्ने प्रतिबद्धता जाहेर गरे ।

आफ्नो लागि उद्घाटन ठूलो कुरो नरहेको र उद्घाटन वडाध्यक्षलाई नै गराउँदा पनि हुने बताउँदै शिलान्यासमा चासो राख्ने अध्यक्ष ओलीको भनाइ थियो । कुल ९ करोड ४६ लाख ८ हजार ९ सय २८मा निर्माण सम्पन्न भएको भवनको हेटौंडास्थित तिन वटा निर्माण कम्पनीले ठेक्का लिएको थियो ।

समयमै निर्माण सम्पन्न भएर उद्घाटनको तयारी अन्तिम चरणमा पुगेपछि इटहरी उपमहानगरले कार्यक्रम स्थगित गरिएको सूचना जारी गरेको थियो । भवन निर्माण भइ नसकेको र ठेकेदार कम्पनीले उपमहानगरलाई हस्तान्तरण नगरेको अवस्थामा भोली विवाद देखिने र एमाले अध्यक्ष ओलीलाई विवादमा ल्याउन नहुने इटहरी उपमहानगरका मेयर हेमकर्ण पौडेलले धारणा राखिरहँदा विद्यालय प्रशासनले भने ठेकेदार कम्पनीबाट निर्माण सम्पन्न भइ हस्तान्तरण पनि गरिसकेको दाबी गरेको छ ।

उपमहानगरकै उपप्रमुख संगीता चौधरीले विद्यालयको स्तरोन्नतिका लागि शुभकामना प्रदान गरिरहँदा विरोध जनाएका नगर प्रमुख हेमकर्ण पौडेल कार्यक्रममै देखिएनन् । पौडेल कार्यक्रममा उपस्थित नहुने भन्दै पत्र पठाएको आयोजकले जानकारी गराएको थियो । उपमहानगरले सूचना जारी गरेकै कारण विद्यालयमा सोचे जस्तो अभिभावक तथा एमाले समर्थकहरूको उपस्थिति देखिएको थिएन । सीमित नेता, विद्यार्थी र थोरै अभिभावकहरूको उपस्थितिमा कार्यक्रम सम्पन्न गरिएको थियो ।

कार्यक्रममा कोसी प्रदेशका पूर्व मुख्य मन्त्री शेरधन राई, प्रतिनिधि सभा सदस्य भीम आचार्य, कोसी प्रदेश सांसद मिना कुमारी श्रेष्ठ, पूर्व मन्त्री रामकुमार सुब्बा, कोसीका पूर्व सांसद निलम बस्नेत, सर्वध्वोज साँवा, इटहरी उपमहानगरका पूर्व प्रमुख द्वारिकालाल चौधरी, पूर्व उपप्रमुख लक्ष्मी गौतम लगायतले विद्यालयको आगामी भविष्य उज्वलको कामनासहित शुभकामना मन्तव्य राखेका थिए ।

वडा नं ४ का वडाध्यक्ष भक्त लामाले स्वागत मन्तव्य राखेको कार्यक्रम विद्यालय व्यवस्थापन समितिका अध्यक्ष डिक बहादुर राईको अध्यक्षतामा भएको थियो ।


## ऋण चुक्ता गर्न आउने ३५ दिने सावजनिक सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८०/११/१७**

यस संस्थाको तपशीलमा उल्लेखित तपाईको ऋण भाखा भित्र नतिरी संस्थाबाट पटक-पटक भएको मौखिक एवम् लिखित तर-ताकेता गर्दा पनि ऋण भुक्तानीको लागि पहल नगरी आलटाल गरी बस्नु भएकोले संस्थामा ऋण तिर्न बुझाउनका लागि यो ३५ दिने प्रथम सूचना प्रकाशन गरिएको छ । उल्लेखित मिति भित्र संस्थामा तिर्न बुझाउन पर्ने रकम दाखिला हुन नआएमा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, संस्थाको विनियम तथा ऋण लिँदाको बखत संस्थामा गरेको ऋण तमसुक सर्त कबुलियतनामा बमोजिम तपाईले संस्थाको नाममा लेखाएर दिएको (दृष्टिबन्धक रोक्का) धितो लिलामीको प्रक्रिया अपनाएर धितो लिलामी गरी संस्थाको सम्पूर्ण लेना रकम असुल उपर गरिने व्यहोरा जानकारी गरिन्छ । साथै संस्थाको साँवा, व्याज र हर्जाना असुलीको सिलसिलामा उक्त कार्य सम्पन्न गर्ने क्रममा आएका अन्य खर्च समेत तपाईबाट लेना रकम सरह असुल उपर गर्ने व्यहोरा पनि जानकारी गराउँदछौं । सो प्रक्रियाबाट संस्थाको सर्म्पूण लेना रकम असुल उपर नभएमा तपाई ऋणी तथा धनजमानत दिनेको घर-घराना, चल-अचल सम्पत्तिबाट प्रचलित कानून-बमोजिम असुल उपर गरिने व्यहोरा समेत सम्बन्धित ऋणी तथा धन जमानीलाई यसै सूचनाद्धारा जानकारी गराइन्छ ।

| क्र.सं. | ऋणीको तीनपुस्ते विवरण | जमानत दिनेको विवरण | धितोको बिवरण |
|---|---|---|---|
| १ | ऋणी : गणेश विश्वकर्मा<br>बुबा : काजिमान विश्वकर्मा<br>बाजे : साहिला विश्वकर्मा<br>ठेगाना : जितपुरफेदी-०७, काठमाडौं । | नाम : निर्मला विश्वकर्मा<br>श्रीमानः गणेश विश्वकर्मा<br>स.बाजे : काजिमान विश्वकर्मा<br>ठेगाना : जितपुरफेदी-०७, काठमाडौं । | काठमाडौं, जितपुरफेदी<br>वडा नं ०५ कि.न. ८६<br>क्षेत्रफल : १-५-३-० |
| २ | ऋणी : निर्मला विश्वकर्मा<br>श्रीमान् : गणेश विश्वकर्मा<br>ससुरा : काजिमान विश्वकर्मा<br>ठेगाना : जितपुरफेदी-०७, काठमाडौं । | नाम : गणेश विश्वकर्मा<br>बुबा : काजिमान विश्वकर्मा<br>बाजे : साहिला विश्वकर्मा<br>ठेगाना : जितपुरफेदी-०७, काठमाडौं । | काठमाडौं, जितपुरफेदी<br>वडा नं ०५ कि.न. ८६<br>क्षेत्रफल : १-५-३-० |
| ३ | ऋणी : पासा तामाङ्ग<br>श्रीमान् : आइत घले<br>स.बाजे : मान घले<br>ठेगाना : तिप्लिङ-०९, धादिङ्ग । | नाम : दावा लामा तामाङ्ग<br>बुबा : टासी लामा तामाङ्ग<br>बाजे : यो लामा तामाङ्ग<br>ठेगाना : तिप्लिङ-०९, धादिङ्ग ।<br>नाम : आइत घले<br>बुबा : मान घले<br>बाजे :दावा घले<br>ठेगाना :रुवी भ्याली-०१, घादिङ्ग । | काठमाडौं, गोलदुङ्गा<br>वडा नं ०७ ग कि न. ३११<br>क्षेत्रफल : ०-४-०-० |
| ४ | ऋणी :आइत घले<br>बुबा :मान घले<br>बाजे :दावा घले<br>ठेगाना :रुवी भ्याली-०१, घादिङ्ग । | नाम : पासा तामाङ्ग<br>श्रीमान् : आइत घले<br>स.बाजे : मान घले<br>ठेगाना : तप्लिङ-०९, धादिङ्ग । | काठमाडौं, गोलदुङ्गा<br>वडा नं ०७ ग कि न. ३११<br>क्षेत्रफल :०-४-०-० |
| ५ | ऋणी : पुरुषोत्तम धिताल<br>बुबा : श्याम प्रसाद धिताल<br>बाजे : राम प्रसाद धिताल<br>ठेगाना : जितपुर-२, काठमाडौं । | नाम : जयन्ती अधिकारी<br>श्रीमान् : पुरुषोत्तम धिताल<br>ससुरा : श्याम प्रसाद धिताल<br>ठेगाना : कलाती-२, काभ्रे ।<br>हालको ठेगाना : जितपुर-२, काठमाडौं । | काठमाडौं, जितपुर<br>वडा नं ०२ ग कि न. १७६<br>क्षेत्रफल :०-५-०-० |
| ६ | ऋणी : जयन्ती अधिकारी<br>पति : पुरुषोत्तम धिताल<br>ससुराः श्याम प्रसाद धिताल<br>ठेगाना : कलाती-२, काभ्रे ।<br>हालको ठेगाना : जितपुर-२, काठमाडौं । | नाम : पुरुषोतम धिताल<br>बुबा : श्याम प्रसाद धिताल<br>बाजे : राम प्रसाद धिताल<br>ठेगाना : जितपुर-२, काठमाडौं । | काठमाडौं, जितपुर<br>वडा नं ०२ ग कि न. १४५<br>क्षेत्रफल : ०-५-२-० |
| ७ | ऋणी : भवानी लामिछाने<br>श्रीमान् : भिमसेन लामिछाने<br>स.बाजे : डोल प्रसाद लामिछाने<br>ठेगाना : जितपुरफेदी-०६, काठमाडौं । | नाम : भिमसेन लामिछाने<br>बुबा : डोल प्रसाद लामिछाने<br>बाजे : पदमनाथ लामिछाने<br>ठेगाना : जितपुरफेदी-०६, काठमाडौं । | काठमाडौं, जितपुरफेदी<br>वडा नं ०६ ख कि.न. ७०<br>क्षेत्रफल : २-५-२-२ |
| ८ | ऋणी : भिमसेन लामिछाने<br>बुबा : डोल प्रसाद लामिछाने<br>बाजे : पदमनाथ लामिछाने<br>ठेगाना : जितपुरफेदी-०६, काठमाडौं । | नाम : भवानी लामिछाने<br>श्रीमान् : भिमसेन लामिछाने<br>स.बाजे : डोल प्रसाद लामिछाने<br>ठेगाना : जितपुरफेदी-०६, काठमाडौं । | काठमाण्डौं, जितपुरफेदी<br>वडा नं ०६ ख कि.न. ७०<br>क्षेत्रफल :२-५-२-२ |
| ९ | ऋणी : बलराम लोहार<br>बुबा : काजिमान विश्वकर्मा<br>बाजे : साहिला विश्वकर्मा<br>ठेगाना : जितपुर-०७, काठमाडौं । | नाम : राम कृष्ण विश्वकर्मा<br>बुबा : बलराम लोहार<br>बाजे : काजिमान विश्वकर्मा<br>ठेगाना : जितपुर-०७, काठमाडौं । | काठमाडौं, जितपुर<br>वडा नं ०५ छ कि.न. ८७<br>क्षेत्रफल :१-५-३-० |
| १० | ऋणी : रामेश्वर धिताल<br>बुबा : गौरी शंकर धिताल<br>बाजे : धर्म तिलोचन धिताल<br>ठेगाना : गोलढुङ्गा-०७, काठमाडौं । | नाम : विष्णु मैया धिताल<br>श्रीमान : रामेश्वर धिताल<br>स.बाजे : गौरी शंकर धिताल<br>ठेगाना : तारकेश्वर-०५, काठमाडौं । | काठमाडौं, गोलढुङ्गा<br>वडा नं ०७ घ कि.न. ५३<br>क्षेत्रफल : ०-५-३-० |
| ११ | ऋणी : विष्णु मैया धिताल<br>श्रीमान : रामेश्वर धिताल<br>स.बाजे : गौरी शंकर धिताल<br>ठेगाना : तारकेश्वर-०५, काठमाडौं । | नाम : रामेश्वर धिताल<br>बुबा : गौरी शंकर धिताल<br>बाजे : धर्मतिलोचन धिताल<br>ठेगाना : गोलढुङ्गा-०७, काठमाडौं । | काठमाडौं, गोलढुङ्गा<br>वडा नं ०७ घ कि.न. ५३<br>क्षेत्रफल : ०-५-३-० |

**वचन बचत तथा ऋण सहकारी संस्था लि.**
डिल्लीबजार, काठमाडौं, फोन : ०१-४५३५७७९-०१-४५३४३२०
E-mail : savingbachan@gmail.com, web : www.bachansaving.com.np



प्रदेश सरकार
खानेपानी, सिंचाई तथा उर्जा मन्त्रालय
**खानेपानी तथा सरसफाई डिभिजन कार्यालय**
कोशी प्रदेश, खोटाङ, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मितिः २०८०/११/१७**

यस कार्यालयबाट मिति २०८०/१०/१० गते कान्तिपुर दैनिक पत्रिका तथा PPMO को E–Procurement Portal मा समेत प्रकाशित निम्न ठेक्का सम्बन्धी सूचना र तत्पश्चात् रीतपुर्वक दर्ता भएका बोलपत्रहरू उपर कारवाही हुदाँ सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ सोही ऐनको दफा ४७ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| सि. नं | ठेक्का नं | कामको विवरण | छनोट भएको बोलपत्रदाताको नाम र ठेगाना | स्वीकृत रकम (मु.अ.कर सहित) रु. |
|---|---|---|---|---|
| 1. | 3/080–081/HDPE/ WSSDOKhotang | Supply & Delivery of HDPE Pipes PE 100 NS 40 for Different WSP | श्रीनेपाल प्लाष्टिक प्रा.लि. धरान, सुनसरी । | रु.२,३३३,७८९.०० |

(नि.डिभिजन प्रमुख)



## एनएमबि बैंक लिमिटेड बबरमहल, काठमाडौंको तपसिलको ऋणीहरुलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ (पैंतिस) दिने सूचना

(प्रकाशित मितिः २०८०/११/१७ को मध्यान्ह राष्ट्रिय दैनिक)

यस बैंकको तपसिलमा उल्लेखित ऋणीहरूले विभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जाको तोकिएको समयाबधी भित्रमा तिर्नु बुझाउनु पर्ने रकमहरु तिर्न बुझाउनका लागि पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत नतिरी, नबुझाई ऋणकर्जा सम्बन्धि शर्त बन्देजहरुको उल्लंघन गर्नु भएकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न ल्याउने बारेको यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिनभित्र यस बैंकमा सम्पर्क राखी तपाई ऋणीले लिएको ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज लगायत अन्य दायित्वहरु समेत चुक्ता भुक्तान गर्नुहोला । उपरोक्त तोकिएको म्यादभित्र बैंकलाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण रकम (साँवा, ब्याज, हर्जाना ब्याज आदि) नबुझाएमा प्रचलित कानुन तथा ऋणी र यस बैंकबीच भएको लिखतको शर्त अनुसार ऋणीको नाम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गरिने तथा धितोमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु लिलाम बिक्री गरी यस बैंकको लेना रकम असुल उपर गरिनेछ । कथंकदाचित लिलाम बिक्रीबाट प्राप्त रकमले लेना रकम असूल उपर हुन नपुग भएमा वा धितोको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा प्रचलित कानून बमोजिम अन्य कानूनी कारवाहीहरुको प्रकृया थालनी गरिने ब्यहोरा समेत सम्बन्धित ऋणी, ब्यक्तिगत जमानतकर्ताहरु तथा धितो जमानी दिनु हुने महानुभावहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराउँदछौं ।

**तपसिल**

| क्र.स | कर्जा शिर्षक | ऋणी तथा ब्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगाना | धितो लेखिदिएको सम्पत्तिको विवरण |
|---|---|---|---|
| १. | ओभरड्राफ्ट सुविधा | **ऋणीको नामः न्यू कमल आर के ट्रेडर्स**<br>(नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य आपुर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य आपुर्ति तथा उपभोक्ता संरक्षण कार्यालय धनगढी, कैलालीमा दर्ता रहेको)<br>दर्ता नं.: २२३६९/०७२/७३<br>दर्ता मितिः २०७३/०३/२४<br>स्थायी लेखा नं.: ६०४८१०७३७<br>ठेगानाः कैलाली जिल्ला, लम्की चुहा न.पा., वडा नं. २, मोतिपुर ।<br>**प्रोप्राईटर तथा व्यक्तिगत जमानतकर्ताः**<br>**धनि राम भाट**<br>ना.प्र.प.नं. (जारी मिति/स्थान): ६७२००३/३४२९ (२०६४/१०/०२/ कैलाली)<br>बाजेको नामः लछे भाट<br>बाबुको नामः कुसी राम भाट<br>ठेगानाः कैलाली जिल्ला, चुहा गा.वि.स., वडा नं. ५ ।<br>**व्यक्तिगत जमानतकर्ताः**<br>**मनिषा देवी भाट**<br>ना.प्र.प.नं. (जारी मिति/स्थान): ६७२००३/८०९१ (२०६५/९/२२/ कैलाली, टिकापुर)<br>बाबुको नामः गंगा राम जैशी<br>ससुराको नामः कुसी राम भाट<br>पतिको नामः धनि राम भाट<br>ठेगानाः कैलाली जिल्ला, चुहा गा.वि.स., वडा नं. ५ । | १. गंगा राम जैशीको छोरी, कुसी राम भाटको बुहारी, धनि राम भाटको पत्नी, कैलाली जिल्ला, चुहा गा.वि.स., वडा नं. ५ बस्ने **मनिषा देवी भाट**को नाममा मालपोत कार्यालय टिकापुर, कैलालीको लगतमा दर्ता श्रेष्ता कायम रहेको निम्नानुसार को सम्पत्तिहरू:<br>क) कैलाली जिल्ला, चुहा गा.वि.स./न.पा., वडा नं. ९ स्थित कि.नं. ३९०, ३९१, ३९२ र ४५१ को क्षेत्रफल क्रमश ०-२-०-०, ०-२-०-०, ०-२-०-० र ०-१-०-० बिघाको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।<br>ख) कैलाली जिल्ला, चुहा गा.वि.स./न.पा., वडा नं. ७ स्थित कि.नं. १७०३ को क्षेत्रफल ०-१-६-० बिघाको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।<br>२. ऋणीले धनी बैंकको नाममा लेखिदिएको हाईपोथिकेशन अन्तर्गत मालसामान तथा आय प्राप्तिको धितो सुरक्षण सम्बन्धी लिखत । |
| २. | १.ओभरड्राफ्ट सुविधा<br>२.सवारी साधन कर्जा | **ऋणीको नामः जेनिशा अर्डर सप्लायर्स**<br>(नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य आपुर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य आपुर्ति तथा उपभोक्ता संरक्षण कार्यालय धनगढी, कैलालीमा दर्ता रहेको)<br>दर्ता नं.: २७७९०/०७६/७७<br>दर्ता मिति :२०७६/०७/०७<br>स्थायी लेखा नं.: ६१२३०९६०१<br>ठेगानाः कैलाली जिल्ला, लम्की चुहा न.पा., वडा नं. ८ ।<br>**प्रोप्राईटरः**<br>**मनिषा देवी भाट**<br>ना.प्र.प.नं. (जारी मिति/स्थान): ६७२००३/८०९१ (२०६५/९/२२/ कैलाली, टिकापुर)<br>बाबुको नामः गंगा राम जैशी<br>ससुराको नामः कुसी राम भाट<br>पतिको नामः धनि राम भाट<br>ठेगानाः कैलाली जिल्ला, चुहा गा.वि.स., वडा नं. ५ ।<br>**व्यक्तिगत जमानतकर्ताः**<br>**धनि राम भाट**<br>ना.प्र.प.नं. (जारी मिति/स्थान): ६७२००३/३४२९ (२०६४/१०/०२/ कैलाली)<br>बाजेको नामः लछे भाट<br>बाबुको नामः कुसी राम भाट<br>ठेगानाः कैलाली जिल्ला, चुहा गा.वि.स., वडा नं. ५ । | १. गंगा राम जैशीको छोरी, कुसी राम भाटको बुहारी, धनि राम भाटको पत्नी, कैलाली जिल्ला, चुहा गा.वि.स., वडा नं. ५ बस्ने **मनिषा देवी भाट**को नाममा मालपोत कार्यालय टिकापुर, कैलालीको लगतमा दर्ता श्रेष्ता कायम रहेको निम्नानुसारको सम्पत्तिहरू:<br>क) कैलाली जिल्ला, चुहा गा.वि.स./न.पा., वडा नं. ९ स्थित कि.नं. ३९०, ३९१, ३९२ र ४५१ को क्षेत्रफल क्रमश ०-२-०-०, ०-२-०-०, ०-२-०-० र ०-१-०-० बिघाको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।<br>ख) कैलाली जिल्ला, चुहा गा.वि.स./न.पा., वडा नं. ७ स्थित कि.नं. १७०३ को क्षेत्रफल ०-१-६-० बिघाको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।<br>२. ऋणीले धनी बैंकको नाममा लेखिदिएको हाईपोथिकेशन अन्तर्गत मालसामान तथा आय प्राप्तिको धितो सुरक्षण सम्बन्धी लिखत ।<br>३. धनी एनएमबि बैंक लि. ऋणी **जेनिशा अर्डर सप्लायर्स**को नाममा सेती अञ्चल यातायात व्यवस्था कार्यालयमा दर्ता कायम रहेको निम्नानुसारको सवारीसाधनः<br>**सवारीसाधनको विवरणः**<br>कम्पनी - **ACE**<br>मोडल - **DI–450 TRACTOR**<br>सवारी दर्ता नं. - सु. प. प्र. ०१-००२ त ५६२३<br>बनेको साल - **2021**<br>च्यासिस नं. - **NBA450040586**<br>इन्जिन नं. - **TVBA0012147** |
| ३. | क्रेडिट कार्ड | **ऋणीको नामः धनि राम भाट**<br>ना.प्र.प.नं. (जारी मिति/स्थान): ६७२००३/३४२९ (२०६४/१०/०२/कैलाली)<br>बाजेको नामः लछे भाट<br>बाबुको नामः कुसी राम भाट<br>ठेगानाः कैलाली जिल्ला, चुहा गा.वि.स., वडा नं. ५ । | |

NMB BANK
एनएमबि बैंक
समृद्ध नेपालको लागि
A JOINT VENTURE WITH FMO Entrepreneurial Development Bank The Netherlands
Member of : Global Alliance for Banking on Values

**एनएमबि बैंक लिमिटेड**
कर्जा असुली विभाग, नक्साल, काठमाण्डौं
सम्पर्क नं. ९७७-०१-४५४६४५४, ०१-४५३८६४७, ९८५११३९४१९

# काठमाडौं महानगरपालिकामा नयाँ नक्सा दर्ता गर्दा बायोमेट्रिक लिन शुरु

**काठमाडौं/मस–** भवन निर्माण इजाजतका लागि काठमाडौं महानगरपालिकाले नयाँ नक्सा दर्ता गर्दा घरधनीको बायोमेट्रिक लिन शुरु गरेको छ। मंगलबार सहरी व्यवस्थापन विभागको रजिष्ट्रेसन डेक्सबाट यो सेवा थालिएको हो। विभागका स्ट्रक्चरल इञ्जिनियर सन्तोष पाण्डेका अनुसार अहिले बुढी औला र चोर औलाको चिन्ह लिइन्छ। यसलाई अद्यावधिक गरेर रेटिना र हस्ताक्षरसहितको बनाउने योजना छ।

पाण्डेकाअनुसार अहिले केन्द्रमा थालिएको सेवा सबै वडामा लगिनेछ। इवीपीएस प्रणालीबाट आवेदन दिनु अघि इञ्जिनियरले नक्सा बनाउँछ। यससँग सम्बन्धित कागजात संकलन गरेर फाइल (बुकलेट) तयार हुन्छ। यो डकुमेन्ट अनलाइनबाट भवन निर्माण इजाजतका लागि पेश गरिन्छ। सामान्यतया यो प्रक्रियाका लागि घरधनीले इञ्जिनियर वा परामर्शदाताको सहयोग लिएका हुन्छ। यसरी पठाइएको विवरण ठिक छ कि छैन भनेर घरधनी महानगरपालिकामा जाँच गर्न आउँदा बायोमेट्रिक लिइने हो।

पाण्डे भन्छन्, 'महानगर आउँदा घरधनीले लालपूर्जा र नापी नक्साको सक्कल लिएर आउनुपर्छ। विवरण दोहोरो नहोस् भनेर हेर्नका लागि यो चाहिएको हो।

## कुमारी बैंक लिमिटेड शाखा कार्यालय हरिवन, सर्लाहीको धितोमा रहेको सम्पत्ति पुनः लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८०/११/१७ गते मध्यान्ह दैनिक)

